तलकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तलकोट, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

# आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम

## खण्ड (क) परिचय र समीक्षा

### १.१ पृष्ठभूमी

सम्मानीत गाउँसभाका अध्यक्ष ज्यु,
सम्मानीत गाउँसभाका सम्पूर्ण सदस्य ज्युहरू ।

तलकोट गाउँपालिकाको ११ औं गाउँसभामा उपस्थित हुनुभएका सम्पूर्ण नवनिर्वाचित गाउँसभाका सदस्यहरूमा हार्दिक बधाई तथा कार्यकालको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । जनताले रोजेको जनप्रतिनिधिमार्फत जनताको समीपमा रहेर आम समस्याहरूलाई सम्बोधन गर्न नेपालको संविधानले सुम्पेको जिम्मेवारी पूरा गर्न तलकोट गाउँपालिका सक्षम हुनेछ भन्ने आशा पनि व्यक्त गर्न चाहन्छु । नेपालको संविधान र कानूनले निर्दिष्ट गरेको तथा जनताद्वारा अभिव्यक्त इच्छालाई विधिवत, व्यवस्थित र प्रभावकारी तरिकाले कार्य सम्पादन गरी गाउँ सरकारले लोकप्रियता हासिल गर्ने चुनौती समेत वर्तमान जनप्रतिनिधिसमक्ष रहेको अवगत गराउन चाहन्छु ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि इतिहासका विभिन्न कालखण्डमा भएका राणा विरोधी आन्दोलन, सशस्त्र संघर्ष, प्रथम तथा द्वितीय जनआन्दोलन, १० वर्ष सशस्त्र युद्ध, मधेशी – जनजाति आन्दोलन लगायतका सबै अग्रगामी आन्दोलनमा आफ्नो प्राण आहुती अर्पण गर्नुहुने सबै अमर शहीदहरूप्रति उच्च सम्मानसहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । उपरोक्त आन्दोलनहरूमा आफ्ना परिवारजन गुमाउनुहुने आम नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दै सहानुभूति व्यक्त गर्न चाहन्छु । घाइते सहयोद्धाहरूको शीघ्र स्वास्थ्यलाभको कामना पनि व्यक्त गर्दछु ।

नेपालको संविधानको व्यवस्था गरेको स्थानीय तहको गठनपछि निर्वाचित जनप्रतिनिधिको पहिलो कार्यकाल पूरा भएको छ । स्थानीय शासनको अभ्यासले नेपालको संविधानले निर्दिष्ट गरेको बमोजिम जिम्मेवारी पूरा गरेको भए तापनि जनतामा वास्तविक स्वाधीनताको अनुभूति दिलाउने चुनौती हामासामु छ । सहकार्य, समन्वय र सहकारितामूलक शासनलाई नेपालको संविधानले आत्मसात गरेको छ । जनताले वास्तविक रूपले बुझ्ने र अनुभव गर्ने सरकारका रुपमा स्थानीय सरकारलाई संविधानले जिम्मेवारी प्रदान गरेको विषयलाई हामीले बिर्सन सक्दैनौं । शासन व्यवस्थाको लोकप्रियता हुँदै हदसम्म स्थानीय सरकारले सम्पादन गर्ने कार्यमा निर्भर रहने विषय सम्मानीत सभा समक्ष प्रस्तुत गर्न चाहन्छु । भौगोलिक विकटतामा रहेको हाम्रो तलकोट गाउँपालिकाले सीमित र दुर्लभ साधनको महत्तम प्रयोग गरी विकास कार्यलाई अगाडी बढाई नागरिकका सदियौंदेखिका आर्थिक–सामाजिक समस्या सम्बोधन गर्नुपर्ने, जनजीविकासँग सम्बन्धित समस्याको तत्काल हल खोज्नुपर्ने, नागरिकका आधारभूत आवश्यकताको परिपूर्ति, शिक्षा स्वास्थ्य, रोजगारी र जीविकोपार्जनका सवालहरु सम्बोधन गर्नुपर्ने चुनौती एकातिर छ भने जलवायु परिवर्तन जस्ता विश्वव्यापी जस्ता विश्वव्यापी समस्याहरूले सिर्जना गरेका नकारात्मक असरहरूबाट पर्यावरण, जीवजन्तु र मानव समुदायलाई बचाउने प्रयासमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसँग सहकार्य गरी आफ्नो भूमिका निर्वाह गर्ने चुनौती समेत विद्यमान छ । नेपालको संविधान र कानून, विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा नेपालले गरेका प्रतिवद्धता, दिगो विकास लक्षले निर्धारण गरेका कार्य जिम्मेवारी तथा सिर्जित दायित्व र निर्वाचन मार्फत जनताले अभिव्यक्त गरेको जनमतको कदर गरी शासन व्यवस्थालाई पारदर्शी, प्रभावकारी, जनमूखी र सुशासनयुक्त बनाइ आर्थिक हित, समृद्धी र समुन्नतीको मार्गमा लैजाने प्रण हामीले गर्नैपर्दछ ।

नागरिकको दैनिक जीवन निर्वाहका क्रियाकलापसँग सम्बन्ध रहेको स्थानीय सरकार जति उत्तरदायी, पारदर्शी र सुशासनयुक्त हुन्छ, त्यति नै समग्र शासन प्रणाली लोकप्रिय हुने कुरामा दुईमत हुन सक्दैन । आर्थिक विकास र सामाजिक उन्नति बिना केवल राजनीतिक परिवर्तनले मात्रै जनतामा वास्तविक रुपमा स्वतन्त्रता एवं मुक्तिको अनुभव हुँदैन । यसर्थ नागरिकको जीवनस्तरलाई आर्थिक समृद्धि र सामाजिक रुपान्तरणको माध्यमबाट परिष्कृत गर्न आवश्यक छ । समाजको आर्थिक विपन्नता र सामाजिक पछौटेपन यस तलकोट गाउँपालिकामा मात्रै नभएर समग्र देशको समस्या हो । यस तथ्यलाई हामीले स्वीकार्नुपर्दछ र यसका लागि केवल विगतको शासनलाई जिम्मेवार बनाएर आजको स्थानीय सरकार पन्छन मिल्दैन । राज्य शक्तिको अभ्यास तीनवटै तहसम्म पुगेको छ, आर्थिक विकेन्द्रीकरण, प्रशासनिक सुगमता, अधिकारको निक्षेपण स्थानीय तहसम्म पुगेको छ । यद्यपि राज्यको स्रोत साधनको समुचित उपयोग हुन सकेको छैन । लक्षित वर्गसम्म समानुपातिक तवरले राज्यको साधन स्रोतलाई पुऱ्याउन नसकेसम्म सामाजिक समानता, आर्थिक समृद्धि केवल सपनामात्र हुन जान्छ । वितरणमुखी कार्यमा सीमित हाम्रा कार्यक्रमहरूलाई आगामी दिनमा उत्पादनमुखी तवरले कार्यान्वयन गर्न सकेनौं भने देश र वर्तमान शासन व्यवस्थाको भविष्य समेत सुखद् नहुने कुरा सम्मानीत सभा समक्ष राख्न चाहन्छु ।

### १.२ गत आर्थिक वर्षको नीति कार्यक्रमको समीक्षा

सभाध्यक्ष महोदय,
सम्मानीय सभाका सदस्य ज्यु,
अब म चालू आर्थिक वर्षको समीक्षा प्रस्तुत गर्न गइरहेको छु :

देशले संघीय शासनको पाँच वर्ष पूरा गरी छैठौं वर्षमा प्रवेश गरेको छ । चालू आर्थिक वर्षको सुरुवात हुँदा विश्वव्यापी कोभिड महामारीको चपेटामा सम्पूर्ण मानव समुदाय रहेको तथ्य अवगत गराउँदछु । जनसमुदायलाई कोरोना महारीबाट जोगाइ नागरिकको जीवन रक्षा गर्ने र पूर्वाधार निर्माण, सामाजिक विकास र आर्थिक क्रियाकलापलाई सहज गराइ जनजीवनलाई सामान्य अवस्थामा फर्काउने चालू आर्थिक वर्षको नीति, बजेट तथा कार्यक्रमको मूल उद्देश्य रहेको थियो । विकासका पूर्वाधारमा उल्लिखित लगानी नभएपनि जनजीवनका सवाललाई चालू आर्थिक वर्षको बजेटले सम्बोधन गरेको छ । चालू आर्थिक वर्षसम्ममा विभिन्न क्षेत्रमा भएगरेका कार्य र प्रगतिको समीक्षा पेश गर्न चाहन्छु ।

**क) आर्थिक क्षेत्र :**

अव्यवस्थित आर्थिक विकासको स्पष्ट मार्गचित्र, कार्ययोजना र प्रभावकारी कार्याक्रमबिना नै गत विगतका वर्षगा जस्तै आर्थिक वर्ष २०७८/७९ मा पनि आर्थिक विकासका लागि केही कार्यक्रम थालिए । अधिकाश जनतामा कृषिमा नै निर्भर रहनु तर कृषियोग्य भूमी तथा उत्पादकत्व अत्यन्त न्यून हुनु, पूर्वाधार विकासको अवस्था न्यून रहनु, भौगोलिक विकटता विद्यमान रहनु, स्थानीय स्रोत साधनको पहिचान र विकास हुन नसक्नु र निजी क्षेत्रलाई विश्वासमा लिइ आर्थिक क्रियाकलाप सक्रिय बनाउने वातावरण तयार नहुनु यस क्षेत्रका समस्याहरू हुन् । कोभिड महामारीका कारण समग्र पर्यटन क्षेत्र नै प्रभावित हुन पुग्यो भने पर्यटनको माध्यमबाट स्थानीय जनताले लाभ उठाउनसक्ने वातावरण समेत हाम्रो गाउँपालिकामा तयार भइ नसकेको विषय सम्मानीत सभा समक्ष प्रस्तुत् गर्न चाहन्छु ।

चालू आर्थिक वर्षमा आर्थिक विकास क्षेत्रतर्फ कुल रु ५,५९,८७,०००।०० ( रु पाँच करोड उनान्साठी लाख सतासी हजार ) विनियोजना गरिएकोमा गाउँसभाको चालू अधिवेशनसम्ममा रु ३,४३, ०१,७९,२०० मात्र खर्च भएको देखिन्छ । यो कुल आर्थिक विकास क्षेत्रमा विनियोजित बजेटको ६१.२६ प्रतिशत हो । १२ औं जनगणनाको तथ्याङ्क अनुसार यस गाउँपालिकामा २२३८ परिवारको कुल जनसंख्या ११८५८ रहेको छ । कृषि क्षेत्रमा कुल जनसंख्याको ४०.२९ प्रतिशत जनसंख्या आश्रित भएपनि १२ महिना खान पुग्ने परिवार संख्या केवल २ प्रतिशत रहेको छ । आफ्नै उत्पादनले ३ महिनामात्र खान पुग्ने जनसंख्या ५८ प्रतिशत रहेको छ । यसले यस गाउँपालिकाको आर्थिक पछौटेपनलाई स्पष्ट रुपले प्रतिबिम्बित गर्दछ ।

कृषि अन्तरगतका बालि संरक्षण, कृषि प्रसार, रोगव्याधि नियन्त्रण, पशू उपचार, मत्स्य अनुसन्धान, तथ्याङ्क संकलन, साना सिंचाइ जस्ता क्रियाकलाप चालू आर्थिक वर्षको कार्यक्रममा समावेश गरिएका मध्ये केही कार्यक्रमहरू सञ्चालन भइ सम्पन्न भएका देखिन्छन्, केहीको कार्यक्रम सञ्चालन भइ रकम भुक्तानीको चरणमा छन् भने केही कार्यक्रमहरूको प्रगति सन्तोषजनक देखिदैन । कृषि क्षेत्र आर्थिक विकासको महत्वपूर्ण क्षेत्रको रुपमा गत विगतमा जस्तै चालू आर्थिक वर्षमा प्राथमिकताको क्षेत्रमा राखिएको भए तापनि एकीकृत रुपमा ठोस कार्यक्रम सञ्चालन नभइ टुक्रे कार्यक्रमहरू सञ्चालन गरिनु, कार्यक्रमको लक्ष र अपेक्षित उपलब्धी निर्धारण नगरी कार्यान्वयन गरिनुले खर्चको प्रभावकारिता वृद्धि हुन नसकेको व्यहोरा सम्मानीत सभा समक्ष राख्दछु । सघन कृषि विकासको सम्भावना कम नै छ । तर तुलनात्मक रुपले लाभका वस्तुको उत्पादन, स्थानीय वस्तुको बजारमा प्रवाह, स्थानीय मागलाई आफ्नै स्थानीय उत्पादनद्वारा पूर्ति जस्ता उपाय प्रभावकारी देखिन सक्ने भए पनि सो सम्बन्धमा अपेक्षित लाभ प्राप्त हुन नसकेको तथ्य राख्न चाहन्छु । संघीय सरकारद्वारा हस्तान्तरित पकेट र मिसन कार्यक्रम अन्तरगत सञ्चालित कार्यक्रमको हामी आफ्नै प्रयासमा मूल्यांकन गराइ प्रभावकारीता अभिवृद्धिका लागि उपाय सुझाउन आवश्यक देखिन्छ । चालू आर्थिक वर्षमा विनियोजित बजेटले व्यापक रुपमा लाभग्राही समेटन नसकेको, वितरणमूखी र व्यक्तिकेन्द्रित कार्यक्रम समेत समावेश भएका छन् । आर्थिक विकासमा योगदान नपुऱ्याउने तथा प्रतिफल अपेक्षित प्राप्त हुन नसक्ने आर्यक्रम समावेश भएका देखिन्छन् । यस गाउँपालिकाको तर्फबाट सञ्चालन हुने कृषि विकासका आगामी कार्यक्रमहरू एकीकृत रुपमा लक्ष र उद्देश्य पूर्व–निर्धारण गरी प्रभावकारी तवरले सञ्चालन गर्ने सम्बन्धमा यसै सम्मानीत गाउँसभाबाट निर्देशन जारी गर्न समेत अनुरोध गर्दछु । लघु घरेलु तथा साना उद्यम विकासका लागि संघीय सरकारको सशर्त अनुदानमा लघु उद्यम विकास कार्यक्रम सञ्चालित छ । यस कार्यक्रम अन्तरगत उद्यम विकास सहजकर्ताहरू नियुक्त भइ क्रियाकलाप सञ्चालन भइरहेका छन् । यद्यपि उपरोक्त क्रियाकलापबाट स्थानीयस्तरमा रोजगारी तथा उद्यमशिलतामा के कस्तो प्रभाव पऱ्यो सो को लेखाजोखा हुन बाँकी नै छ । सकारात्क उपलब्धी देखिएको खण्डमा कार्यक्रमको निरन्तरता र स्थानीय सरकारको तर्फबाट समपुरक लगानीका लागि सिफारिस गर्न र प्रभावकारी नदेखिएमा सुधारका पक्ष औल्याउन उपरोक्त कार्यक्रमको अनुगमन मूल्यांकन गर्न निर्देशनका लागि अनुरोध गर्दछु ।

प्रचुर सम्भावना बोकेको पर्यटन क्षेत्रलाई चालू आर्थिक वर्षमा अत्यन्त न्यून मात्रै बजेट विनियोजन भएको देखिन्छ । चालू आर्थिक वर्षमा पर्यटन क्षेत्र पूर्वाधार अन्तरगत तपोवन पर्यटकीय क्षेत्रमा रु १४,००,०००/– विनियोजित भइ केही भौतिक संरचना निर्माण बाहक अन्य क्षेत्रमा उल्लेख्य कार्य हुन नसकेको विषय सम्मानीत सभा समक्ष राख्न चाहन्छु । स्थानीय मठ मन्दिरमा मात्रै अधिकाश स्रोत विनियोजन भए मर्मत सुधारका कार्य भएका छन् । स्वच्छ हिमाली र उच्च पहाडी हावापानी, सरल जीवनशैली, जडिबुटी, पहाड र हिमश्रृङ्खलाको दृश्यावलोकन, पर्वापर्यटन, जस्ता क्षेत्रमा उचित लगानी गर्न आवश्यक नीति, कानून र कार्यक्रमहरू तर्जुमा गरी आम समुदाय, निजी क्षेत्र र स्थानीय सरकारको सहकार्य गर्न आवश्यक देखिन्छ ।

यातायात सीमित हुँदा स्थानीय उपभोगका लागि मात्रै वस्तु र सेवाको व्यापार हुँदा यस गाउँपालिकाको व्यापार व्यवसाय फस्टाउन सकेको छैन। व्यापारका निम्ती सीमित अवसर मात्रै उपलब्ध भएकाले सीमी क्षेत्र उद्योग, वाणिज्यमा आकर्षित हुन सकेको देखिदैन। पूर्वाधार विकास न्यून हुनु, सडक स्तरोन्नती हुन नसक्नुले यातायात तथा ढुवानी खर्च अत्याधिक हुनु, सबै मौसममा सडक सुचारु हुन नसक्नु, स्थानीय कच्चा पदार्थको पहिचान गरी स्वस्थानीय कच्चा पदार्थमा आधारित उद्योगको विकास गर्न नसक्नु जस्ता समस्या यथावत नै छन्। आगामी दिनहरुमा उपरोक्त समस्याको सम्बोधन गरी यस तलकोट गाउँपालिकामा उपयुक्त किसिमका उद्योग स्थापनामा प्रयास गर्नुपर्ने देखिन्छ।

जलस्रोतको प्रचुर सम्भावना भएकोले लघु जलविद्युतहरू सञ्चालन भई गाउँबस्तीमा विद्युत सुविधा पुगेको छ। तापनि लघु जलविद्युतको नियमनकारी संयन्त्रको स्थापना गरी गाउँपालिकाको मातहतमा ल्याउन नसकिएको, सञ्चालित जलविद्युतको मर्मत सम्भार खर्च अत्याधिक हुने गरेको तर लागतको तुलनामा प्रतिफल न्यून हुँदा लघु जलविद्युतलाई भरपर्दो उर्जा स्रोतको रुपमा लिन सकिने अवस्था देखिदैन। सुनिगाड खोलामा निर्माणाधीन जलविद्युत आयोजना सञ्चालनमा छ भने चैनपूर सेती जलविद्युत आयोजना (२१० मेगावाट) निर्माणको चरणमा छ स्थानीयस्तरमा जग्गा अधिग्रहण, मुआब्जा वितरणको कार्य अगाडी बढेको देखिन्छ। केन्द्रीय प्रसारण लाइन विस्तारको कार्य पनि सुचारु छ। हाल यस गाउँपालिकाको वडा नम्बर २ मा लाइन विस्तारको कार्य भइरहेको छ। उपरोक्त विवरणले आउने केही वर्षमा विद्युत आपूर्तिमा सुलभता आइ तलकोट गाउँपालिकाको आर्थिक कियाकलापमा विस्तार हुने अपेक्षा गर्न सकिन्छ।

यस गाउँपालिकाका वडा नम्बर १ का विभिन्न क्षेत्रमा फलाम, कोइला र फस्फोराइट, वडा नम्बर २ मा स्लेट, वडा नम्बर ४ मा खरिढुंगा लगायतका खनिज वस्तुहरूको सम्भावना रहेको भए तापनि यथोचित संरक्षण, अन्वेषण र उत्खनन् हुन नसकी उपयोगमा नआएको विषय सम्मानीत सभा समक्ष राख्दछु।

गाउँपालिकाभर तीनवटा सहकारी संस्थाहरू नियमित सञ्चालनमा छन् भने ४ वटा कृषि सहकारी दर्ता भएको देखिन्छ। केही कृषक सहकारीमा आवद्ध भएका भए पनि सहकारी क्षेत्रको विस्तार गरी आम नागरिकसमक्ष सहकारीका लाभ पुर्याउन नसकिएको अवस्था विद्यमान छ।

आर्थिक कियाकलाप सीमित हुँदा गाउँपालिकाले प्राप्त गर्ने वित्तिय साधन पनि सीमित नै रहेको व्यहोरा सम्मानीत गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु। चालू आर्थिक वर्षमा गाउँपालिकाले संकलन गरेको राजस्वको विवरण अनुसूचिमा समावेश गरेको छु।

ख) सामाजिक क्षेत्र

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकाको कूल जनसंख्या ११८५८ रहेको छ। गाउँपालिका स्तरमा ४ वटा स्वास्थ्यचौकी, ५ वटा आधारभूत स्वास्थ्य केन्द्र र २ वटा बर्थिङ सेन्टरहरू सञ्चालनमा छन्। भौगोलिक विकटताका बावजूद वडा नम्बर १ का रैसल्ली बाहेक सबै बस्तीमा ३० मिनेटको दुरीमा आधारभूत स्वास्थ्य सेवा पुगेको छ। गाउँपालिकाभर प्राय सबै नागरिकले आयोडिनयुक्त नुन प्रयोग गर्ने गरेको १२ औं राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क ले प्रकाश पारेको। यस गाउँपालिकास्तरमा जम्मा ३७ जना महिला स्वास्थ्य स्वयंसेविका परिचालित छन्। गाउँपालिकालाई पूर्ण खोप घोषणा गरिएको भएपनि पूर्ण मात्रमा खोप प्राप्त गर्ने बालबालिकाको प्रतिशत ९२ प्रतिशत छ। स्वास्थ्य संस्थाबाट निशुल्क प्रदान गरिने ४० प्रकारका औषधिहरू नियमित आपूर्ति भएको छ।

गाउँपालिकामा क्षयरोगबाट संक्रमणदर भने ३०५ प्रतिहजार रहेको देखिन्छ। निर्धारित मापदण्ड अनुरुप ४ पटक गर्भवती परीक्षण गर्ने प्रतिशत ४७ प्रतिशत रहेको देखिन्छ, जुन सन्तोषजनक होइन। सबै स्वास्थ्यचौकीमा ल्याब सेवा सञ्चालनमा ल्याइएको छ। ल्याब सेवाको नियमित सञ्चालनमा विद्युत् सेवाको आपूर्ति लगायतका प्राविधिक समस्याले नियमितता पाउन सकिरहेको देखिदैन।

यस गाउँपालिकाको कूल जनसंख्या मध्ये ७७.१५ प्रतिशत ले पाइपबाट खानेपानी सुविधा प्राप्त गर्ने गरेका छन्, मूल–मूहानबाट खानेपानी प्राप्त गर्ने जनसंख्या ४.९ प्रतिशत छ भने बाँकी जनसंख्यामा खानेपानी सुविधा पुग्न सकेको छैन। गाउँपालिकाको १०–१२ प्रतिशत जनसंख्यामा अझै सुरक्षित खानेपानी पुग्न नसकेको अवस्था विद्यमान छ। निर्मित खानेपानी आयोजनाको नियमित मर्मत सुधारका लागि उपभोक्ता समूह तथा समुदायलाई जिम्मेवार बनाउन सकिएको छैन। निर्माणका चरणमा गठन हुने उपभोक्ता समिति तदर्थ रुपमा नै कार्य गरी विघटन हुने भएकाले निर्मित आयोजना तथा पूर्वाधारको नियमित मर्मत सुधार र संरक्षणमा कठिनाइ रहेको तथ्य सम्मानीत गाउँसभा समक्ष पेश गर्न चाहन्छु।

सार्वजनिक स्थलमा निर्माण भएका सुलभ शौचालयको रेखदेख र संरक्षणको अभावमा बन्द हुने अवस्थामा पुगेका देखिन्छन्। प्लास्टिक लगायत सिसा (काँच ) जन्य फोहरको उचित व्यवस्थापन, पुन: प्रयोग, सुरक्षित डिस्पोजल र कबाडीमा पुन : चक्रणका लागि पठाउने परिपाटीको विकास भएको छैन। गाउँघरमा गोठेमल र मानवको सम्पर्क भइरहने समस्यामा सुधार ल्याउन सकिएको देखिदैन। परम्परागत रुपले निर्माण भएका घरमा गाई–भैंसी सँगै मानिसको बस्ने ठाउँ रहेने बसोवासको पद्धतिमा सुधार ल्याउन आवश्यक देखिन्छ।

यस तलकोट गाउँपालिकामा ३० वटा समुदायिक विद्यालयहरू सञ्चालनमा छन्। यि मध्ये ४ वटा माध्यमिक र २६ वटा आधारभूत विद्यालयहरू रहेका छन्। वडा नम्बर ५ मा अवस्थित श्री दुर्गाभवानी माध्यमिक विद्यालयमा प्राविधिक धारतर्फ पशु विज्ञानको अध्यापन भइरहेको छ। पूर्ण साक्षर गाउँपालिका घोषणा कार्य सम्पन्न भएको छ।

गाउँपालिकाको कूल जनसंख्या मध्ये ५ वर्ष माथिको साक्षरता ७१.४ प्रतिशत रहेको छ। पुरुषको साक्षरता ७५.४ तथा महिलाको ६७.५ प्रतिशत रहेको छ। वडा नम्बर १ मा सबैभन्दा धेरै करिब १२० घर परिवार विद्यालयबाट १ घण्टा भन्दा बढीको दुरीमा रहेका छन्। वडा नम्बर ७ को सबैभन्दा कम समयमा विद्यालय पुग्न सक्ने घरपरिवार संख्या २९० रहेको छ।

विद्यालय शिक्षकको दरबन्दी विद्यार्थि अनुपातमा नरहेको अवस्था विद्यमान छ। गाउँपालिकाभर जम्मा शिक्षक दरबन्दी ७० मात्र रहेको छ। हाल विद्यालय शिक्षकको रुपमा ११५ पुरुष र ४३ महिला गरी १५८ जना कार्यरत छन्। विद्यार्थि अनुपातको तुलनामा शिक्षक दरबन्दी न्यून हुनु तथा राहत करार लगायतले समेत पठनपाठनमा पर्याप्त जनशक्ति अपुग हुँदा स्वयंवसेवक शिक्षक कार्यक्रम मार्फत विभिन्न विषयका स्वयंसेवक शिक्षक परिचालन गरिएका छन्' यसर्थ शिक्षक दरबन्दी थप गरी पठनपाठन सहज बनाउन संघीय सरकारसमक्ष अनुरोध गनुपर्ने देखिन्छ।

महिला दलित, अपाङ्ग, अल्पसंख्यक समुदाय लगायतको सशक्तिकरण र विकासका लागि चालू आर्थिक वर्षमा पनि लक्षित कार्यक्रमहरूको सञ्चालनलाई निरन्तरता दिइयो। सामाजिक सुरक्षा भत्ता बैंकबाट प्रदान गर्ने कार्य सुचारु भएको छ। दलित र महिला लक्षित विविध कार्यक्रमहरू सञ्चालन भएका छन्।

महिला, बालबालिका तथा जेष्ठ नागरिक क्षेत्रको तथ्याङ्क पनि अन्य क्षेत्र जस्तै मिश्रित प्रकारको पाइन्छ। गाउँपालिकाभरमा २५ प्रतिशत महिलाहरू वर्षको कुनै न कुनै समयमा लैंगिक तथा यौनजन्य हिंसामा पर्ने गरेको पाइएको तथ्याङ्क छ। त्यसैगरी १३ प्रतिशत बालिकाको १८ वर्ष उमेर नपुगी बिबाह भएको देखिन्छ भने ७ प्रतिशत पुरुष बालक १८ वर्ष नपुगी बिबाह बन्धनमा बाँधिएको तथ्याङ्क छ। त्यसैगरी ४ प्रतिशत महिला र ५ प्रतिशत पुरुषले बहुबिबाह गरेको देखिन्छ।

कूल जनसंख्याको २८ प्रतिशत जनसंख्या १९ –२४ वर्ष उमेर समूहको जनसंख्या २८ प्रतिशत रहेको छ। त्यसैगरी २५–४९ उमेर समूहको ११ प्रतिशत जनसंख्या देखिन्छ। स्मरण रहोस् १२ जनगणना २०७८ वास्तविक उपस्थिति विधि मार्फत लिइएको हुँदा गाउँबस्तीमा उपलब्ध उल्लिखित उमेर समूहको जनसंख्या मात्र तथ्याङ्कमा पर्न सकेको हुनुपर्दछ। यसरी हेर्दा ३९ प्रतिशत युवा जनशक्ति अर्थात गाउँबस्तीमा उपस्थित रहेको देख्न सकिन्छ। अनुपस्थित जनसंख्या समेतलाई हेदा तलकोट गाउँपालिकाको ठुलो हिस्सा युवा जनशक्ति रहेकोले जनसाख्यिक लाभको अवस्थामा मौजुद छ। युवा जनशक्तिको सीप जाँधरलाई सदुपयोग गरी पालिकाको विकासमा उपयोग गर्न एकीकृत युवा नीतिको आवश्यकता रहेको देखिन्छ।

समग्रमा सामाजिक विकासको अवस्था औषत भन्दा कम रहेको तथ्य यस सम्मानीत गाउँसभा समक्ष राख्न चाहन्छु। तलकोट गाउँपालिकाको मानव विकासको अवस्था औषत भन्दा कम अर्थात् ०.४३ रहेको तथ्यले यसलाई पुष्टि गर्दछ। आगामी दिनमा गुणस्तरीय भौतिक पूर्वाधारको विकाससँगै सामाजिक विकासमा लगानी अविवृद्धि गर्न र सामाजिक विकासको एकीकृत रणनीति तयार गरी प्रभावकारी कार्यान्वयनका लागि सम्मानीत सभा समक्ष अनुरोध गर्दछु।

ग) पूर्वाधार विकास :

सम्मानीत सभाका अध्यक्ष ज्यू,
सम्पूर्ण सदस्यहरू,

अब म तलकोट गाउँमपालिकाको पूर्वाधार विकासको विद्यमान अवस्थाबारे संक्षेपमा राख्न चाहन्छु।

चालु आर्थिक वर्षको अन्त्यसम्ममा तलकोट गाउँपालिकाभरमा करिब ७० किलोमिटर सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ। अधिकांश सडकहरू कच्चि, धुले प्रकारका रहेका छन्। करिब ३० किलोमिटर खण्ड राष्ट्रिय राजमार्ग मापदण्डको रहेको छ भने बाँकी ग्रामीण स्तरमा सञ्चालित ४ मिटर सम्म चौडाइ रहेका सडकहरू छन्।

तलकोट गाउँपालिकाभरमा १८ वटा झोलुङ्गेपुल र ६ वटा सानाठुला पुल, कल्भर्टहरू रहेका छन्।

करिब १७ किलोमिटर पक्कि नहर कुलो निर्माण भएको अनुमानित विवरण रहेको छ। आयोजनाको लेखाङ्कन गर्ने पद्धति नरहेकोले वास्तविक आँकडा प्राप्त हुन सकेको छैन।

सबै वडा कार्यालयहरू आफ्नै भवनमा सञ्चालित छन्। विगतको ५ वर्षमा ५ वडामा नयाँ कार्यालय भवनहरू निर्माण भएका छन्। गाउँपालिकाको प्रशासकीयय भवन निर्माणधीन छ। गाउँपालिकाको आफ्नै भवनमा कार्यालय सञ्चालन भइरहेको छ।

गाउँपालिकाको केन्द्रमा के.एफ. डब्ल्यू संस्थाको सहयोगमा ५ शैय्यको आधारभूत अस्पताल निर्माणको लागि प्रक्रिया अगाडी बढाइएको छ। वडा नम्बर ७ मा स्वास्थ्यचौकी भवन निर्माणको लागि खरिद सम्झौता सम्पन्न भएको छ। वडा नम्बर ६ को लुगाडा र मेलचौरमा क्रमश: खेलग्राम र उद्योगग्राम निर्माणका लागि फिल्ड सम्याउने तथा भवन संरचना निर्माणको कार्य भएको छ।

वडा नम्बर १ मा सेफ हाउस निर्माण कार्य पुरा भएको छ। स्थानीय समुदायको सहकार्यमा सञ्चालन गरी सेवा प्रदान गर्न सकिने अवस्था छ।

गाउँपालिकास्तरमा १७ वटा विद्यालय भवन नयाँ निर्माण भइ २५ कक्षाकोठा थप भएका छन्। १६ वटा भवनको मर्मत सुधारको कार्य सम्पन्न भएको छ।

जलस्रोत व्यवस्थापन परियोजनाको सहकार्यमा एक घर एक धारा कार्यक्रम लागू भएको छ। विभिन्न वडाका खेतीयोग्य जमिनमा सिंचाइ सुविधा पुग्ने गरी सिंचाई कुलो र खानेपानी आपूर्ति लगायतका बहुउद्देश्यीय आयोजनाहरू सम्पन्न भएका छन्।

तलकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तलकोट, बझाङ
सुदूरपश्चिम प्रदेश

गाउँपालिकाको ठीक बीच भाग भएर बग्ने सेती नदीमा मोटरेबल पुलको निर्माणले उल्लेख्य प्रगति हासिल गरेको छ। टोल बस्तीस्तरमा साना सामुदायिक भवन, साना सिंचाइ पोखरी, बाटो सुधार, सिंचाइ आयोजना, मठ मन्दीर जस्ता संरचनाको निर्माण भइ जीवनस्तर सुविधाजनक भएको देखिन्छ।

कृषि शीत भण्डार, हाट बजार, जोडिबुटीका संकलन र प्रशोधन केन्द्र, कृषि उपज संकलन केन्द्र, शीत भण्डार जस्ता जन उपयोगी र प्रतिफल प्राप्त हुन सक्ने पूर्वाधारको क्षेत्रमा लगानी हुन नसकेको तथ्य सम्मानीत गाउँसभा समक्ष राख्न चाहन्छु। नागरिकको तर्फबाट गाउँपालिकाले निर्माण गरेका पूर्वाधार संरचनाको गुणस्तर सम्बन्धमा पटक पटक गुनासो उठने गर्नु, पूर्वाधारको दिगोपना आशौमा कायम हुन नसकी छिट्टै मर्मत गर्नुपर्ने अवस्थामा पुग्नुले सन्तोषमान्नुपर्ने अवस्था रहेको देखिदैन। राज्यको दुर्लभ स्रोतको महत्तम उपयोगी गरी गुणस्तरीय पूर्वाधारको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउनुपर्ने गरी कार्य गर्न आवश्यक छ। पूर्वाधार संरचनाको लेखाङ्कन प्रणालीको विकास हुनुपर्ने देखिन्छ। भने अनुगमन कार्यलाई प्रभावकारी बनाउने उपाय अवलम्बन गरिनुपर्दछ।

घ) वातावरण र विपद व्यवस्थापन

कोभिड महामारी र चालु वर्षको असोज– कार्तिकमा आएको भीषण बाढी पहिरोले हाम्रो गाउँपालिका प्रभावित भएको छ। मानवीय क्षति नभए पनि बाढी र पहिरोले खेतीयोग्य जमिन, भवन संरचना, व्यक्तिको सम्पत्ती, अर्धविद्युत जस्ता क्षेत्रमा अपूरणीय क्षति पुऱ्यायो। गाउँबस्तीहरू पहिरोको जोखिममा परेका छन्, यद्यपि यिनको स्थलगत मूल्यांकन कार्य हालसम्म पनि पूरा हुन सकेको छैन।

जनताको नजिकको सरकारका रुपमा स्थानीय सरकारले कोरोना महामारीमा नियन्त्रणका लागि सक्दो प्रयास गरेको थियो। हाल मत्थर भए पनि यस महामारीको जोखिमबाट मानव समुदाय सुरक्षित नरहेको र त्यसका लागि तयारी अवस्थामा बस्नुपर्ने कुरा सम्मानीत सभा समक्ष राख्न चाहन्छु। कोभिड विरुद्धको खोप कार्यकमलाई सबै नागरिक सम्म पुऱ्याउन पहल गर्नुपर्ने देखिन्छ।

जोखिमयुक्त बस्तीको भू– सुचनामा आधारित विवरण राष्ट्रिय पोर्टलमा प्रविष्ट गर्ने कार्य पूरा गर्न अनुरोध गर्दछु। साथै पहिरोको जोखिममा रहेको बस्तीको पहिचान गरी सुरक्षाका आवश्यक उपाय अपनाउन र विपत प्रतिकार्यका लागि तयार रहन समेत आवश्यक देखिन्छ।
मानव तथा पशुपंक्षीमा लाग्ने संक्रामक रोगको रोकथामका लागि आवश्यक व्यवस्था गर्नुपर्ने देखिन्छ।
जोखिममा रहेका वर्ग र समुदायलाई संरक्षणका लागि आवश्यक बजेट र कार्यक्रम समेत तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक छ।

विकास कार्यक्रम सञ्चालन गर्दा वातावरणीय पक्षमा ध्यान दिन आवश्यक देखिन्छ। हालको विकासका गतिविधिहरूले भविष्यका आवश्यकतामा प्रतिकूल असर नपरोस् भन्नेमा सरोकारवाला सबै सजग रहन आवश्यक छ। उपरोक्त कार्यका लागि हाम्रो पालिकाले सरोकारवाला सबैको साथ, सहयोग र समर्थन प्राप्त गर्नुपर्ने देखिन्छ।

ङ) संस्थागत विकास, सार्वजनिक सेवा प्रवाह र सुशासन :

स्थानीय सरकारका कार्य जिम्मेवारी पुरा गर्न आवश्यक संस्थागत संरचना, जनशक्ति र कानूनी आधारबिना सम्भव नहुने कुरा जगजाहेर छ। यस गाउँपालिकाको कर्मचारी संगठन संरचना अन्तरिम तवरले निर्माण भएकोले हाल सम्म पनि सोही संरचनामा प्रशासन सञ्चालन भएको छ। संघीय तहबाट निर्माण गरिने निजामती सेवा ऐन लगायतका कानूनको तर्जुमा लगायतका कार्य पूरा नहुँदा स्थानीय सेवा समेत प्रभावित भएको, समायोजन भएका कर्मचारीको पटक पटक समायोजन संशोधनका नाममा सरुवा हुने गरेको, गाउँपालिकामा निर्धारित दरबन्दी अनुसार कर्मचारी नभइ दरबन्दी रिक्त रहेको अवस्था विद्यमान छ।
सबै वडा कार्यालयहरू आफ्नै भवनबाट सञ्चालित भइ सेवा प्रवाहमा सुधार भएको छ। आधुनिक सुचना प्रविधिको प्रयोग गरी सेवा प्रवाहको सुरुवात भएको छ। गाउँपालिकामा लेखा प्रणालीलाई सुचना प्रविधिमा आधारित गरिएको छ। हाल सुत्र प्रणाली मार्फत लेखांकन र प्रतिवेदनको कार्य भइरहेको छ।
गाउँपालिकाको आफ्नै वेबसाइट संचालनमा रहेको छ। तापनि यसलाई समय समयमा अद्यावधिक गर्ने कार्य नियमित हुन सकेको छैन।
सुचना माग्न पाउने नागरिकको हकलाई सुरक्षित गर्न सुचना अधिकारी तोकी सुचना प्रदान गर्ने व्यवस्था मिलाइएको छ।
गाउँपालिकाको राजपत्र प्रकाशन ऐन जारी भए राजपत्रको प्रकाशन सुरु भएको छ। यसको नियमित प्रकाशनका लागि गाउँसभा मार्फत निर्देशन जारी गर्न अनुरोध गर्दछु।
सुचना प्रविधिमा आधारित सेवा प्रवाहको अवधारणा आत्मसात गरिएको भए तापनि सुचना प्रविधि पूर्वाधारको कमीले इन्टरनेटमा सहज र सुलभ पहुँच पुग्न सकेको छैन। व्यक्तिगत घटना दर्ता लगायतका कार्यहरू सुचना प्रविधिमा आधारित गरिएका छन्। इन्टरनेटको सहज पहुँच नहुँदा घटना दर्ता प्रणालीलाई व्यवस्थित गर्न सकिएको छैन।
सार्वजनिक खरिद योजना तयार तयार भइ प्रचलित कानून विधि अनुरुप खरिद कार्य अगाडी बढाउन सकिएको छैन।
आन्तरिक तथा अन्तिम लेखा परीक्षणबाट कायम हुन आएको बेरुजूको फर्स्यौटका लागि यथेष्ट प्रयास गर्नुपर्ने देखिन्छ। साधारण प्रक्रियागत बेरुजू तथा असूल उपर गर्नुपर्ने बेरुजूको लगत कायम गराइ जिम्मेवार व्यक्ति वा सम्बन्धितलाई जानकारी पठाउन र संस्थागत बेरुजूको आकारलाई घटाउन आवश्यक देखिन्छ।
सार्वजनिक सम्पत्तीको (जिन्सी) लेखाङ्कनका लागि पाम्स प्रणाली लागू गरिएको छ। तर जिन्सी सामानको नियमित निरीक्षण र मर्मत सम्भारका लागि प्रयास भएको देखिदैन।

कार्यविभाजन तथा कार्यसम्पादन नियमावलीहरुको व्यवस्था अनुसार कार्य सम्पादन गरी व्यवस्थित गर्न आवश्यक देखिन्छ।
विगतका गाउँसभा र कार्यपालिकाद्वारा निर्मित कानून एकीकृत गरी भविष्यका लागि सुरक्षित भण्डारण गर्न, तर्जुमा भएका कानूनको कार्यान्वयन गरी कार्य सम्पादनलाई व्यवस्थित गर्न आवश्यक छ। आवश्यक कानूनहरू निर्माणको कार्य चालू आर्थिक वर्षमा पूरा गरिने अपेक्षा समेत गर्दछु।

**खण्ड (ख) आगामी आर्थिक वर्षका नीतिहरू**

सम्मानीत गाउँसभाका अध्यक्ष महोदय,
सम्पूर्ण सदस्य ज्यू,
अब म आगामी आर्थिक वर्षको नीति तथा कार्यकमहरू प्रस्तुत गर्न गइरहेकी छु,

**२.१ समग्र सोच, लक्ष, उद्देश्य र अपेक्षित उपलब्धीहरू :**

दिर्घकालीन सोच :
विद्यमान आर्थिक तथा मानवीय गरिबीलाई न्यूनीकरण गरी आर्थिक आत्मनिर्भरता सहितको समातामुलक आय भएको समाजवाद उन्मूख अर्थतन्त्र, सुशासन युक्त तथा नागरिक हितमा समर्पित स्थानीय सरकार।

लक्ष्य :

- विकास कार्यहरूलाई नागरिकको अपेक्षा, राष्ट्रिय लक्ष्य तथा दिगो विकास लक्ष्यसँग तादात्म्यता गर्दै उपलब्ध साधनको प्रतिफल प्राप्त गरी १५ औं योजनाका राष्ट्रिय लक्ष एवं दिगो विकास लक्ष्य प्राप्त गर्न सघाउ पुऱ्याउने
- पूर्वाधार निर्माण लगायतका कार्यमा स्थानीय श्रम सहभागीतालाई प्रवर्द्धन गरी रोजगारी सिर्जना गर्दै दिगोपना हासिल गर्ने
- जनपरिचालनको माध्यमबाट नागरिक सहभागिता सहितको आर्थिक विकास हासिल गरी आर्थिक असमानता घटाउने,
- विपन्न नागरिक, सीमान्तकृत र बञ्चितिकरणमा परेका नागरिकलाई विकासको मूल प्रवाहमा ल्याइ मानवीय गरिबी घटाउने,
- स्थानीय स्रोत साधन–स्रोत र सीपमा आधारित अर्थतन्त्रको विकास गर्ने,

उद्देश्य :

- सुधारिएको यातायात पूर्वाधार, विद्युतीकरण र सुचना प्रविधिमा पहुँच बिस्तारमा लगानी गरी राष्ट्रिय सञ्चालमा तलकोट गाउँपालिकाको सहज पहुँच स्थापना गर्ने,
- स्वास्थ्य र शिक्षा क्षेत्रमा विद्यमान विविध समस्याको सम्बोधन गरी गुणस्तरीय सामाजिक सेवाको प्रवर्द्धन गर्ने,

- नागरिक जीवनलाई सहज बनाउने कार्यक्रमहरूलाई समुदायको सहभागितामा सञ्चालन गरी सामाजिक परिचालनका माध्यमबाट विकासमा प्रभावकारिता ल्याउने,
- स्थानीय स्रोत साधनको परिचालनबाट आत्मनिर्भर आर्थिक क्रियाकलाप सञ्चालन गर्ने, पर्यटन र लघु उद्यम, कृषि तथा पशुमा आधारित कार्यक्रममा जोड दिने,
- वातावरण सन्तुलनका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने, जल, जल, जंगल, जमिन, जडिबुटि र जराजुरीलाई संरक्षण गरी विकासमा दिगोपना कायम गर्ने,
- लैंगिक समानता, सामाजिक समावेशीकरणलाई सहयोग पुऱ्याउने कार्यक्रमहरूको कार्यान्वयनबाट विद्यमान असमानता र बञ्चितिकरणलाई न्यूनीकरण गर्दै लैजाने,
- युवाहरूको क्षमता अभिवृद्धि, युवा परिचालन, प्रतिभा पहिचानका माध्यमबाट मानव संशाधन विकासमा लगानी गर्ने,
- नागरिकमैत्री, प्रविधिमा आधारित र सुशासनयुक्त स्थानीय सार्वजनिक सेवाको विकास गर्ने ।

अपेक्षित उपलब्धी

| क्र.सं. | सूचक | इकाइ | चालु आधार वर्षको अवस्था | आगमी आ.व.को लक्ष्य |
|---|---|---|---|---|
| १ | मानव विकास सूचकांक | सूचकांक | ०.४३ | ०.४४ |
| २ | आर्थिक वृद्धि | प्रतिशत | ४.४ | ४.५ |
| ३ | वार्षिक प्रतिव्यक्ति आय | रु | ५८००० | ६३००० |
| ४ | बहुआयामिक गरिबी | प्रतिशत | २९.२ | २८.५ मा झारिनेछ । |
| ५ | साक्षरता | प्रतिशत | ७१.४ | ७५ ( ५ वर्ष माथिको ) |
| ६ | विद्यालयमा भर्ना दर | प्रतिशत | ६७ | ७० |
| ७ | औसत आयु | वर्ष | ६९ | ६९.५ |
| ८ | सडक कालोपत्रे | किमि | ० | ० |
| ९ | सडक ग्राभेल | किमि | ० | १० |
| १० | बेरोजगारी दर | प्रतिशत | १५.४ | १२ |
| ११ | विद्युत सेवा | प्रतिशत | ८९ | ९६ सोलार समेत |
| १२ | खानेपानी प्राप्त घरधुरी | प्रतिशत | ७८ | ८८ |
| १३ | विपदबाटको क्षति | रु लाखमा | ४२ | ३० |

२.२ आर्थिक नीति तथा कार्यक्रम तर्जुमाका प्रमुख आधारहरु :

- नेपालको संविधान भाग ४) मा उल्लिखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, समाजवाद उन्मूख आर्त्मनिर्भर र समृद्ध अर्थतन्त्रको मार्गचित्र
- नेपालको संविधान भाग १ धारा १४ मा उल्लेख भएको नेपालको अर्थतन्त्र समाजवाद उन्मूख हुने विष्य,
- भाग ४१ (घ) मा उल्लिखित सार्वजनिक, निजी र सहकारी क्षेत्र सम्मेलित तीन खम्बे अर्थ नीति
- स्थानीय, प्रदेश र संघीय तह बीचको सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्त
- आर्थिक सामाजिक रुपमे पछाडी परेका/ पारिएका दलित, अल्पसंख्यक, आदिवासी जनजाती, विपन्न, एकल महिला, अपाङ्ग र पिछडिएको क्षेत्रका नागरिकको सशक्तिकरण र विकासका लागि सकारात्मक विभेदमा आधारित नीति अपनाइने विषय ,
- नेपालको संविधानको अनुसुचि ८ र ९ ले निर्देशित गरेका विषयहरू
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- १५ औं आवधिक योजना
- दिगो विकास लक्षहरू
- स्थानीय श्रम, सीप, साधन र प्रविधिमा आधारित अर्थतन्त्रको निर्माण गरी दिगो आर्थिक विकास हासिल गर्ने तलकोट गाउँपालिकाको लक्ष्य,
- विभिन्न घोषणापत्रहरू
- सांस्कृतिक विविधता तथा भौगोलिक विभिन्नताका आधारमा स्थानअनुकुल  विकासका कार्य अगाडी बढाउनुपर्ने आवश्यकताका सम्बन्धमा तलकोट गाउँपालिकाको विगतको प्रतिबद्धता आदि ।

२.२.१ समग्र नीति तथा आधारहरू :

- सुधारिएको सडक सञ्जाल,  विद्युत् लगायत नवीकरण उर्जाको सहज पहुँच स्थापना, सामाजिक क्षेत्रका पूर्वाधारको स्तरोन्नती तथा नयाँ निर्माण, कृषियोग्य भूमीमा भरपर्दो सिंचाइ सुविधा ।
- गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच, शैक्षिक पूर्वाधारको गुणस्तर सुधार, बालमैत्री शैक्षिक वातावरणको सृजना, सुरक्षित खानेपानीमा सहज पहुच, फोहरमैला व्यवस्थापनको दीर्घकालीन योजना तथा सामाजिक विकृतिको न्यूनीकरण गरी स्वस्थ सामाजिक सम्बन्धको विकास गरी समग्र सामाजिक विकासको अवस्थामा सुधार गर्ने .
- सामूहिक कृषि प्रणालीमा आधारित भइ कृषि प्रणालीको आधुनिकीकरण, कृषि उपजको बजार पहुँचका लागि पालिका कृषक समन्वय, गाउँपालिकामा कृषि सुचना केन्द्रको स्थापना, नश्ल सुधार गरी पशूजन्य बस्तुको उत्पादन र उत्पादकत्व अभिवृद्धि, तुलनात्मक लाभका रुपमा रहेका सुक्खा फलफूल तथा जडिबुटिहरुको व्यवसायिक खेती र बजारीकरण, कृषि पर्यटन, पदयात्रा जस्ता पर्यटकीय गतिविधि सञ्चालन, स्थानीय साधनमा आधारित उद्योग स्थापना जस्ता जस्ता क्रियाकलापको माधमबाट स्थानीय अर्थतन्त्रलाई गतिशिल बनाइ जीविकोपार्जनमा सुधार गर्ने,
- विद्यमान जातीय, धार्मिक, वर्गीय, लैंगिक असमानतालाई न्यूनीकरण गर्न  तोकिएका वर्ग लक्षित कार्यक्रम सञ्चालन गरी सामाजिक सशक्तिकरणमा टेवा पुऱ्याउने, समाजका विपन्न, अशक्त र लक्षित वर्गका राज्यको तर्फबाट प्राप्त सुविधाको सहज पहुँच स्थापित गर्ने, सामाजिक सुरक्षा र संरक्षणमार्फत राज्यको दायित्व कार्यान्वयन गर्दै समाजको समानुपातिक विकासको लक्ष्य हासिल गर्ने,
- सार्वजनिक सेवाको सुदृढीकरण गर्दै स्थानीय तहले संविधान बमोजिम सम्बोधन गर्नुपर्ने जिम्मेवारी वहन गर्ने गरी संस्थागत क्षमता अविबृद्धि गर्ने,
- सुचना प्रविधिलाई सार्वजनिक सेवा प्रवाहको आधारभूत माध्यमका रुपमा प्रयोग गरी कार्यसम्पादन प्रणालीलाई सुचना प्रविधिमा आधारित गर्ने,
- सेवालाई नागरिकको नजिकबाट प्रवाह गर्ने गरी आवश्यक व्यवस्था मिलाउने
- प्राकृतिक तथा अन्य कारणले सिर्जित मानवीय संकटको सामना गर्न सक्षम हुने गरी आर्थिक तथा मानवीय क्षमताको विकास गर्ने, वातावरण संरक्षण तथा दिगो विकासको अवधारणालाई विकास प्रकियामा समावेश गरी विकास र प्रकृतिको सम्बन्धलाई परस्पर फलदायि हुने गरी विकास कार्यक्रम सञ्चालन गर्ने ।

२.२.२ क्षेत्रगत नीति तथा आधारहरू :

क) आर्थिक क्षेत्र :

- आर्थिक विकासको महत्वपूर्ण पक्षको रुपमा कृषि क्षेत्रलाई प्राथमिकतामा राखी सामूहिक कृषि प्रणाली विधिबाट कृषि प्रसारमा प्रभावकारीता ल्याइनेछ ।
- गाउँपालिकामा एक माटो परीक्षण प्रयोगशाला स्थापना तथा कृषि सुचना केन्द्र स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।
- नगदेबालीको बिस्तार गरी आय आर्जन बृद्धि कार्यक्रम अन्तरगत एक वडामा एक जडिबुटि उत्पादन केन्द्र स्थापना गरिनेछ । उक्त कार्यक्रम अन्तरगत टिमुर र रिठा जस्ता जडिबुटिको खेतीका लागि एक नमूना किसान छनौट गरी प्रथम वष परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ । आगामी वर्षमा प्रभावकारिता अध्ययन गरी बिस्तार गर्ने नीति लिइएको छ ।

तलकोट गाउँपालिका
गाउँ कार्यपालिकाको
तलकोट, बझाङ

- तुलनात्मक लाभका वस्तुहरूमा ओखर, किवी, कागती, पिकानट, उखु जस्ता नगदेबालीको खेती विस्तार कार्यक्रमलाई समावेश गरिनेछ । आगामी आर्थिक वर्षमा वडा नम्बर ७ र ६ मा ओखर, किवी तथा पिकानट र वडा नम्बर १ देखि ३ सम्म उखु बाली कार्यक्रम सञ्चालन गरिने छ । वडा नम्बर ५ लगायतका स्थानमा सुन्तला र कागतीजात उत्पादन हुने स्थानहरूको पहिचान गरी कृषक समूह मार्फत कार्यक्रम सञ्चालनको नीति लिइएको छ ।
- परम्परागत कृषि प्रणालीमा सुधार गरी कम क्षेत्रफलमा बढी मूल्यका वस्तु उत्पादन हुने बाली उपज खेती गर्न कृषकलाई प्रोत्साहन गरिनेछ । भटमास, सिमी, सूर्यमुखी, गुरीस जस्ता तेलहन र दलहनबालीको सम्भाव्यता अध्ययन गरी बाली विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।
- बजार पहुँच विस्तारका लागि कृषि उपज ढुवानी कार्यलाई सहज बनाउन गाउँपालिकाको तर्फबाट कृषि उपज ढुवानी सेवा ( कृषि एम्बुलेन्स ) उपलब्ध गराइने छ ।
- गाउँपालिका क्षेत्रमा रहेको बाँझो जग्गालाई जग्गाधनीसँगको सहकार्यमा लिजमा लिइ इच्छुक किसानलाई उपलब्ध गराइनेछ । यस कार्यमा संघीय सरकारद्वारा प्रधानमन्त्री रोजगार कार्यक्रमसँग तादात्म्यता हुने गरी कार्यान्यनको व्यवस्था मिलाइनेछ ।
- कृषिमा आधुनिक यान्त्रीकरण कार्यलाई निरन्तरता दिइ कृषकहरूलाई सफल कृषकसँगको अनुभव आदानप्रदानका लागि अवलोकन भ्रमणको कार्यक्रम राखिनेछ ।
- कृषकहरू प्राविधिकसँगको पहुँच विस्तार गर्न वडास्तरमा कृषि सेवा केन्द्र र पशु उपचार सेवा केन्द्र स्थापना गरिनेछ । पालिकास्तरमा एक स्नातक भेटेनरी डाक्टर र कृषि प्राविधिकको नियुक्ति गरिनेछ ।
- पशू नश्ल सुधार, मासु मिसन, उन मिसन कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषकसँग प्राविधिक कार्यक्रम अन्तरगत कृषकको स्वस्थानमा नै पशु उपचार शिवीर सञ्चालन गरिनेछ ।
- विपन्न दलित, एकल महिला आदिसँग पशुधन आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुबीमा कार्यक्रमका लागि थप अनुदान उपलब्ध गराउन आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।
- नमूना कृषक, संगठित समूह वा संस्थासँगको सहकार्यमा घाँसेबाली स्रोत केन्द्र स्थापना गरिनेछ ।
- पानीको उपलब्धता भइरहने सम्भाव्य स्थानमा ट्राउट माछा अनुसन्धानका लागि विज्ञ परामर्श सेवा प्राप्त गरी अनुसन्धान कार्यका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- निर्वाहमूखी पशूपंक्षी तथा मत्स्यपालन प्रणालीलाई सामूहिक व्यवसयिक प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गर्नुका साथै दूध मासु र अण्डा उत्पादनमा आत्मनिर्भर गाउँपालिका बनाइ आर्थिक बृद्धिसँगै जीवनस्तरमा सुधार गरिनेछ ।
- माहुरीपालन, च्याउखेती कार्यक्रम विस्तार गरिनेछ । कृषकलाई बीउ तथा अत्यावश्यक अवस्थामा आवश्यक पर्ने रासायनिक विषादी खरिदमा अनुदान दिइनेछ ।
-
- लघु उद्यम कार्यक्रमसँगको सहकार्यमा स्थानीय उत्पादनमा आधारित वाइन जेली, जाम उत्पादन कार्यलाई कृषकस्तरमा विस्तार गरिनेछ । यस कार्यक्रमबाट कृषकले खेर जाने मौसमी फलफूलबाट फाइदा लिन सक्ने विश्वास लिइएको छ ।
- लघु उद्यम कार्यक्रमलाई स्थानीय कच्चा पदार्थ लोक्ता (नेपाली कागज), अल्लो, बेसार तथा खुर्सानी धुलो उत्पादन जस्ता घरेलु तथा साना उद्योग विकासमा केंद्रित गरी आयआर्जन र जीविकोपार्जनमा वृद्धि ल्याइनेछ ।
- कृषि तथा पशूपालन फर्मको स्थलगत अनुगमन–निरीक्षण गरी नियमनको दायरामा ल्याइनेछ । निर्धारित मापदण्ड पूरा गर्ने फर्मलाई नमूना कृषि फर्मको रुपमा पहिचान गरीनेछ ।
- उत्पादनमा आधारित कृषि अनुदान प्रदानका लागि आवश्यक कानून कार्यविधिको तर्जुमा गरिनेछ ।
- गाउँपालिकाको कृषि प्रोफाइल तथा ५ वर्षे कृषि विकास रणनीतिक गुरुयोजना तयार गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- गाउँपालिकामा रहेको प्रचूर जलसम्पदालाई प्रयोग गर्न खानेपानी प्रशोधन प्लान्ट, मत्स्य पालन फर्म स्थापना गर्ने उद्यमी व्यवसायीलाई भौतिक पूर्वाधारहरू सडक, बिजुली आदिको पहुँच पुऱ्याउनुका साथै प्रथम तीन वर्षमा गाउँपालिकाले लिने स्थानीय करलाई कानून बमोजिम कर छुट दिइने नीति लिइनेछ । तर उपरोक्त किसिमका उद्यमीहरूले स्थानीय कामदारलाई रोजगारीका अवसर उपलब्ध गराउनुपर्नेछ ।
- मालिका, तपोवन, तलकोट दरवार, मष्टा मन्दीर लगायतका धार्मिक तथा प्राकृतिक स्थलको अवलोकन भ्रमण, ट्रेकिङ प्याकेज राखी पदयात्रा पर्यटन व्यवसाय सञ्चालन गर्ने उद्यमीलाई गाउँपालिकाले आवश्यक सहयोग तथा समन्वय गर्नेछ । उपरोक्त कार्यमा स्थानीय नागरिकसँगको समन्वय र सहजीकरण गरी होम स्टे सञ्चालन जस्ता कार्यमा सहयोग गरिनेछ ।
- तपोवन धार्मिक क्षेत्र संरक्षण समिति गठन तथा सो सम्वन्धमा आवश्यक नीति र कानून तर्जुमा गरी तपोवन धार्मिक क्षेत्रलाई संरक्षण गरिनेछ । यसै वर्ष तपोवन क्षेत्रमा धार्मिक महोत्सव आयोजना गरी प्रचार प्रसारको कार्य गरिनेछ ।
- सार्वजनिक कार्यक्रममा प्रयोग गरिने
- नदीजन्य पदार्थको दोहन रोकी व्यवस्थित संकलन र निर्यातका लागि सामुदायिक वनसँगको सहकार्यमा आवश्यक व्यवस्था मिलाइनेछ । सामुदायिक वनहरूको नियमन गरी संकलित वन पैदावरको उपयोगलाई व्यवस्थित गरिनेछ । सामुदायिक वनले संकलित कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

ख) सामाजिक क्षेत्र :

**शिक्षा**

- प्रारम्भिक बालविकास कक्षाहरूमा न्यूनतम मापदण्ड अनुरुप खेल तथा सिकाइ सामाग्राहरूको व्यवस्था गरी बाल विकास सहजकर्ताका लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
- विद्यालयमा खानेपानी, शौचालय र सरसफाइको उचित व्यवस्था न्यूनतम भौतिक सुविधा सहित बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरिनेछ ।
- विद्यालयमा विद्यार्थि टिकाइ राख्न र कक्षा छाडने समस्या समाधान गर्न दिवा खाजा, छात्रवृति, नियमित स्वस्थ्य परीक्षण जस्ता प्रवर्द्धनात्मक र सुरक्षात्मक कार्य सञ्चालन गरिनेछ ।
- जनप्रतिनिधी, कर्मचारी, पेशाविद, निवृत शिक्षक, कार्यरत शिक्षकहरूको समूह बनाइ नियमित रुपमा निरीक्षण र सुपरीवेक्षणको कार्य गरिनेछ ।
- आवश्यकता र औचित्यका आधारमा शिक्षक पेशागत तालिम तथा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
- हरेक वर्ष गाउँपालिकाद्वारा लिइने आधारभूत तह कक्षा ८ तथा कक्षा १० र १२ को परीक्षालाई उपलब्धी परीक्षणको रुपमा लिइ उत्कृष्ट विद्यार्थिलाई सम्मान तथा एकमूष्ट वृति उपलब्ध गराइनेछ ।
- तोकिएको मापदण्ड बमोजिम स्थानीय पाठ्यक्रम विकास गरी लागू गरिनेछ । प्राविधिक धार सञ्चालन भइरहेको श्री दुर्गाभवानी मा.वि. मा उपयुक्त प्रयोगशाला सामाग्री र कक्षा व्यवस्थापनका लागि संघीय र प्रदेश सरकार सँग आवश्यक सहकार्य गरिनेछ ।
- गाउँपालिकास्तरमा स्थायी बसोवास गर्ने नागरिकमध्ये स्नातक, स्नातकोत्तर र विद्यावारिधि गरेका जनशक्तिलाई सम्मान गरिनेछ । साथै शिक्षा, विज्ञान, खेलकूद, सार्वजनिक सेवा, साहित्य, कला लगायतका क्षेत्रमा उत्कृष्ट प्रदर्शन गर्ने नागरिकलाई सम्मान तथा एकमूष्ठ वृत्ति उपलब्ध गराइनेछ ।
- साक्षर गाउँपालिकालाई पूर्ण साक्षर बनाउन हाल निरक्षर रहेका प्रौढहरुका लागि आधारभूत साक्षरता निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि कक्षा ११ र १२ मा शिक्षाशास्त्र विषय लिइ अध्ययन गरेका अभ्यास शिक्षण विद्यार्थिलाई परिचालन गरिनेछ ।
- आगामी ५ वर्ष भित्रमा गाउँपालिकाका २ स्थानमा आधारभूत सुविधासहितको पुस्तकालय स्थापना गरिनेछ । आगामी आर्थिक वर्षमा यसका लागि स्थान पहिचान गरी पूर्वाधार तयारी गरिनेछ ।
- विद्यालयको लेखा प्रणालीलाई व्यवस्थित गरिनेछ, लेखापरीक्षणपूर्वको सामाजिक परीक्षणलाई अनिवार्य गरिएको छ ।

तलकोट गाउँपालिका
गाउँ कार्यपालिकाको
तलकोट,

- शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा उपलब्ध विद्यालयहरूको एकीकृत शैक्षिक व्यवस्थापन प्रणाली IEMIS व्यवस्थित र सुदृढ गरिनेछ। यसको लागि तालिम उपलब्ध गराउन बजेट व्यवस्था गरिएको छ।
- विद्यालयमा विद्यमान शिक्षक दरबन्दी अपुगको अवस्थालाई मध्यनजर गरी चालू आर्थिक वर्षमा सञ्चालित स्वयंसेवक शिक्षक परिचालन कार्यक्रमलाई निरन्तरता दिइएको छ।
- पालिकाभित्रका विद्यालयहरूमा अस्थायी, राहत, निजी शिक्षक नियुक्ति प्रक्रियमा एकरुपता र निष्पक्षता कायम गरिनेछ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्रवोधीकरण कार्यक्रम सञ्चालन गरिनेछ। कार्य सम्पादनमा उत्कृष्ट शिक्षकलाई अभिप्रेरित गर्न शिक्षक सम्मानको व्यवस्था गरिएको छ।
- शिक्षक सरुवा तथा पदस्थापन कार्यलाई आवश्यकता तथा औचित्यमा आधारित बनाइनेछ।
- विद्यार्थीसंख्याको तुलनामा फर्निचर अपुग विद्यालयमा बालमैत्री फर्निचरको व्यवस्था गरिनेछ। सबै आधारभूत तथा माध्यमिक विद्यालयमा सुचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरिनेछ।
- विद्यार्थीको सर्वाङ्गीण विकासका लागि खेलकुद लगायतका अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछन्।
- विद्यालय पुग्न १ घण्टा भन्दा बढी समय लाग्ने बस्तीका बालबालिकाहरूलाई विद्यालयसम्म पहुँच पुऱ्याउन छात्रवासको व्यवस्था गरिनेछ।
- ५ वर्षे गाउँ शिक्षा योजना निर्माण गरी शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ।

स्वास्थ्य र पोषण :

- नियमित रुपमा सरकारका तर्फबाट निःशूल्क वितरण भइरहेका सबै प्रकारका औषधिहरू उपलब्ध गराइनेछ।
- हाल ९२ प्रतिशतमा रहेको पूर्ण खोप प्राप्त बालबालिकाको प्रतिशतलाई बृद्धि गरी शत्प्रतिशत पुऱ्याइ पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गरिनेछ।
- झाडापखालाको उच्च संक्रमणदर ३०५ प्रतिहजारबाट घटाई २७५ प्रतिहजार कायम गरिनेछ। यसका लागि सरसफाई, पानी शुद्धिकरणका विधिको अवलम्बन तथा बहुक्षेत्रीय पोषण कार्यक्रमसँग समन्वय गरी एकीकृत रुपमा कार्यक्रम सञ्चालन गरिनेछ।
- तोकिएको मापदण्ड अनुसार गर्भ परीक्षण गर्ने गर्भवती महिलालाई एकमुष्ठ प्रोत्साहन रकम दिइ गर्भ परीक्षण गर्ने महिलाको संख्यामा बृद्धि गरिनेछ। संस्थागत सुत्केरीलाई शत् प्रतिशत पुऱ्याइ नो मोर होम डेलिभरी गाउँपालिका सुनिश्चित गाउँपालिका घोषणा गरिनेछ। प्रसूति सम्बन्धि कार्य गर्ने सबै स्वास्थ्यकर्मीलाई सुरक्षित प्रसुति सम्बन्धि तालिम उपलब्ध गराइनेछ।
- सबै स्वास्थ्य संस्थाहरूमा किशोरकिशोरीमैत्री स्वास्थ्य सेवालाई निरन्तरता दिइनेछ।
- गर्भवती अवस्थामा भवितव्य वा गर्भ सम्बन्धी समस्याका कारण अस्पताल रिफर गर्नुपर्ने अवस्था आएमा गाउँपालिकाद्वारा निःशूल्क एम्बूलेन्स सेवा उपलब्ध गराइनेछ। असहाय र आर्थिक रुपमा अति विपन्न ( रातो परिचयपत्र प्राप्त) परिवारका व्यक्तिलाई एम्बूलेन्स सेवा निःशूल्क गरिएको छ। अन्य सामान्य नागरिकका लागि सहुलियतमा सशुल्क एम्बुलेन्स सेवा सुचारु गरिनेछ।
- असहाय, विपन्न र ७० वर्ष माथिका जेष्ठ नागरिकका लागि मधुमेह, रक्तचाप लगायतका सम्पूर्ण रोगहरुको ल्याब परीक्षण निःशूल्क गरिएको छ।जेष्ठ नागरिकका लागि महिनामा एकपटक घरैमा स्वास्थ्य परीक्षणको व्यवस्था गरिएको छ।

- महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरी गर्भवती तथा सुत्केरीपछिको नियमित स्वास्थ्य परीक्षणको दायरालाई बृद्धि गरिनेछ। यसवापत महिला स्वास्थ्य स्वयंसेविकालाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ।
- वार्षिक रुपमा एकपटक विशेषज्ञ सहितको स्वास्थ्य परीक्षण शिवीर सञ्चालन गरिनेछ।
- यस गाउँपालिकाको प्रत्येक वडामा कम्तीमा १ पोषण नमूना टोल यसै आ.व. मा घोषणा गर्न सबै शाखासँगको सहकार्यमा एकीकृत कार्यक्रम मार्फत बहुक्षेत्रीय पोषण योजनाको कार्यान्वयन गरिनेछ।
- विपन्न सुनौला हजार दिनका महिलाहरूलाई आयआर्जनका लागि संघीय सरकारद्वारा विनियोजित बजेटको प्रभावकारी रुपमा कार्यान्वयन गरी पालिकाबाट थप रकम समपुरक लगानी गरिनेछ।

खानेपानी तथा सरसफाई :

- खानेपानीको पहुँच नपुगेका बस्तीहरूमा खानेपानी मूहान, स्रोतको पहिचान गरी सुरक्षित खानेपानी सेवा विस्तार गरिनेछ।
- निर्मित खानेपानी संरचनाको स्तरोन्नती सुधार गरी शुद्धिकरण सहितको खानेपानी वितरण गरिनेछ।
- वर्षायाममा जोखिममा पर्नसक्ने मुहान स्रोत तथा सुख्खायाममा पानीको अभाव हुने स्रोतको संरक्षण र विकल्पको खोजी कार्य सुरुवात गरिनेछ। यसका लागि बृक्षारोपण लगायतका विधिलाई प्राथमिकताका साथ अपनाइनेछ।
- जनचेतना अभिबृद्धि, सरसफाइ र पानी शुद्धिकरणका उपायलाई प्रचारप्रसार गरी जनस्तरसम्म पुऱ्याइनेछ। यसका निम्ती सुआहरा, बहुक्षेत्रीय पोषण कार्यक्रम, एकीकृत विकास समाज लगायतका क्रियाशिल संघ संस्थासँग समन्वयात्मक तवरले सञ्चालन गरिनेछ।
- हरेक वर्ष सरसफाई सप्ताह मनाइनेछ। यस अवसरमा विद्यालयमा अध्ययनरत विद्यार्थि भाइबहिनीलाई पूर्ण सरसफाईयुक्त टोल, सफा सुलभ शौचालय, प्लास्टिकजन्य फोहरमैलाको उचित व्यवस्थापनका विषयमा सचेतनाका लागि परिचालन गरिनेछ। यसका निम्ती खाजा खर्चको व्यवस्था गरिनेछ।
- बजार क्षेत्र तथा घना बस्तीमा उत्सर्जन हुने प्लास्टिक, सिसा र धातुजन्य फोहरको अलग अलग संकलन गरी व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाइनेछ। आगामी आर्थिक वर्षमा खौला बजार, गैतोला, सुनिकोट, दाँतोला, रुपातोला जस्ता बजार उन्मूख क्षेत्रमा फोहर व्यवस्थापनका लागि डम्पिङ साइटको पहिचान गर्ने कार्य गरिनेछ। बजार व्यवस्थापन समिति गठन गरी सरसफाइ र टोल सुधारका कार्य जिम्मेवारी प्रदान गरिनेछ।
- ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाद्वारा हालसम्म खानेपानी र सरसफाइ सम्बन्धी कार्य हुँदै आएकोमा हाल उक्त संस्थाको बर्हिगमन भएको छ। अब उपरान्त सो संस्थाबाट सम्पादन हुने लगायतका कार्य गाउँपालिकाको पूर्वाधार शाखा अन्तरगतको आफ्नै इकाइबाट सञ्चालन गरिने गरी संस्थागत क्षमताको विकास गरिनेछ छ। पालिकास्तरमा रहेका विभिन्न खानेपानी उपभोक्ता समितिको दर्ता, नियमन र तथ्याङ्क संकलनका लागि अल्पकालीन वास (WASH) इकाइ गठन गरी कार्य सञ्चालन गरिनेछ।
- सम्भावित जोखिमका क्षेत्र पहिचान गरी वर्षायाममा बग्ने पानीको बहाव नियन्त्रणका लागि अध्ययन गरिनेछ। पालिकाभरका बस्तीमा एकीकृत ढल निकास प्रणालीका लागि अध्ययन तथा संरचना निर्माणको कार्य गरिनेछ।

महिला, बालबालिका, जेष्ठ नागरिक तथा अन्य लक्षित वर्ग :

- विकास प्रक्रियामा महिलाहरूको समेत समान सहभागिता र प्रतिफलको बराबर बाँडफाँडको सिद्धान्तलाई अवलम्बन गरिनेछ। लक्षित वर्गको सशक्तिकरण, उत्थान र विकासका लागि लक्षित वर्ग विशेष कार्यक्रम सञ्चालन गरिनेछन्।
- लैङ्गिक उत्तरदायि बजेटलाई आत्मसाथ गरिनेछ। दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यलाई सम्बोधन हुने गरी कार्यक्रम तर्जुमा गरिनेछन्।
- जेष्ठ नागरिकको सम्मान,पारिवारिक वातावरणमा उचित हेरचाह र स्नेहको प्रवर्द्धन गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछन्।
- अपाङ्ग व्यक्ति, विपन्न, एकल महिला, हिंसा पिडित महिला, आमा बाबू गुमाएका र संरक्षक नभएका बालबालिकाको संरक्षणको उचित व्यवस्था मिलाइनेछ। लक्षित वर्गको आयस्तर सुधारका लागि उपाध्यक्ष आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ।
- असहाय तथा लैंगिक हिंसा पिडित महिलाको तत्काल उद्धार गरी संरक्षण गर्न लैंगिक हिंसा निवारण कोषमा आवश्यक बजेट जम्मा गरिनेछ।

- विपतका समयमा जोखिममा पर्नसक्ने वर्गको संरक्षणका लागि आवश्यक पर्ने बजेट विनियोजन गरिनेछ।
- मानसिक रोगी तथा बौद्धिक अपाङ्गता भइ परिवारबाट परित्यक्त व्यक्तिको उद्धार र उपचारका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।
- बेचबिखन वा हिंसामा पर्न लागेको अवस्थामा जोखिममा रहेका महिला, बालबालिका लगायतका व्यक्तिले आफैं सुचना दिनसक्ने गरी सुचना प्राप्त गर्ने प्रणालीको विकास गरिनेछ।
- बालबालिका सम्बन्धी ऐन २०७५ तथा नियमावलीले तोकेका विषयहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ।
- छोरीलाईमात्र सन्तानका रुपमा स्वीकार गर्ने दम्पतिलाई सम्मान गरिनेछ।
- बाल विबाह न्यूनीकरण लगायतका सिर्जनात्मक कार्यमा बालबालिकाको सञ्जाललाई परिचालन गर्ने नीति लिइएको छ। आगामी ५ वर्षभित्रमा बालमैत्री स्थानीय शासनका सुचक पूरा गर्ने गरी कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछन्।
- बालबालिकको व्यक्तित्व विकासका अवसर प्रदान गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछन्।
- आत्महत्या रोकथामका लागि सकारात्मक उत्प्रेरणा तालिमका कार्यक्रम सञ्चालन गरिनेछन्।
- ६५ वर्ष नाघेका जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता रकमसँग दोहोरो नहुने गरी मासिक एक हजारका दरले एकमूष्ठ स्वास्थ्य उपचार खर्च उपलब्ध गराइनेछ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस कार्यक्रम मनाउन आवश्यक रकम विनियोजन गरिनेछ।

सामाजिक सुसंस्कृति

- असल, सभ्य र इमान्दार भइ आत्मोन्नती गर्ने आफ्नो जीवनकालमा सामाजिक विवादमा नपर्ने, समाजको विकासमा योगदान गरेका, असल चालचलन भएका नागरिकलाई आदर्श नागरिकको रुपमा गाउँपालिकाको समीक्षा कार्यक्रमको अवसर पारेर हरेक वर्ष सम्मान गर्ने नीति लिइनेछ।
- असल संस्कृतिको विकासका तथा सामाजिक विकृति न्यूनीकरणका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछन्।
- समाजमा विद्यमान कुलत, धुम्रपान तथा मद्यपान र नसालू पदार्थको सेवन जस्ता व्यापक समस्यालाई सम्बोधन गर्न स्थानीय प्रहरीसँगको सहकार्यमा आवश्यक कार्यहरू गरिनेछन्।
- डेउडा गीत लगायतका प्राचीन गाथा झल्काउने कला साहित्यको संकलन गरी प्रचारप्रसार गरिनेछ।
- योग तथा सत्संग जस्ता क्रियाकलापहरू सञ्चालन गरी नागरिकलाई शारिरिक र मानसिक एकाग्रता हासिल गर्ने कार्यक्रम सञ्चालन गरिनेछन्।
- धुम्रपान र मद्यपान त्यागी समाजमा स्थापित हुने नागरिकलाई सम्मान गरिनेछ।

युवा तथा खेलकुद

- विकासका कार्यहरूमा युवाहरूको साझेदारी गर्न युवा स्वयंसेवा कार्यक्रम अन्तरगत विकास निर्माण व्यवस्थापन र अनुगमनमा स्वयंसेवी तरिकाले परिचालन गरिनेछ। युवाको मूल्यांकनलाई पृष्ठपोषणको रुपमा लिइनेछ।
- खेलकुद प्रतियोगिता आयोजना गरी व्यक्तित्व विकास र प्रतिभा पहिचानका कार्यक्रम सञ्चालन गरिनेछन्। गाउँपालिकामा स्थायी बसोवास गर्ने राष्ट्रियस्तरमा खेल क्षेत्रमा किर्तीमान कायम गर्ने युवा खेलाडीलाई सम्मानको व्यवस्था गरिनेछ।
- स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत युवाहरू संघीय सरकारको नीति अनुरुप गाउँपालिकामा स्वयंसेवा गर्न आएमा गाउँपालिकाको समग्र विकासको सम्भावना, भाषा, कला, भूगोल, साहित्य, शिक्षा, कृषि लगायतका विषयमा अध्ययन अन्वेषण गर्न परिचालन गरिनेछ।
- प्राविधिक शिक्षा आर्जन गरेका युवालाई १ महिने स्वयंसेवा कार्यक्रम अन्तरगत गाउँपालिकाको योजना, कार्यक्रम कार्यान्वयनमा परिचालन गरिनेछ।
- उद्यमी सफल स्वरोजगार युवालाई आफ्नो अनुभव आदानप्रदानको कार्यक्रम सञ्चालन गरिनेछ।
- बैदेशिक रोजगारबाट फर्किएका युवालाई सीप, क्षमता पहिचान गरी आफ्नै गाउँस्थानमा स्वरोजगारका अवसर प्रदान गरिनेछ।

ग) पूर्वाधार विकास :

- निर्मित सडक संरचनाको मर्मत सुधारका लागि विशेष सम्भार समूह गठन गरी नियमित सञ्चालनमा राखिएको छ।
- तिब्बत सरकारको तर्फबाट यस गाउँपालिकालाई स्काभेटर प्राप्त भएको छ। उक्त सहयोगका लागि तिब्बत (चीन) सरकारलाई हार्दिक धन्यवाद ज्ञापन व्यक्त गर्न चाहन्छु। पालिकाद्वारा निर्माण सञ्चालन गरिने विकास निर्माणका कार्यमा आफ्नै मेसिनको प्रयाग गरी आन्तरिक स्रोतको बचत गरिनेछ। साना तिना निर्माणमा सकेसम्म मेसिनको प्रयोग नगरी निर्माण कार्य सञ्चालन गर्ने नीति लिइएको छ। यसबाट स्थानीय स्तरमा रोजगारीका अवसरहरू प्राप्त हुने अपेक्षा गरिएको छ।
- आगामी आर्थिक वर्षभित्र गाउँपालिकाको प्रशासकीय भवन निर्माणको कार्य सम्पन्न गरिनेछ। यसका लागि आवश्यक पर्ने बजेट विनियोजन गरिनेछ।
- गाउँपालिकाको केन्द्रमा दातृ निकाय के एफ डब्लू संस्थाको सहयोगमा ५ शैय्याको आधारभूत अस्पताल निर्माणको कार्य अघि बढेको विषय सम्मानीत सभा समक्ष जानकारी गराउन चाहन्छु। उक्त कार्यका लागि पालिकाको तर्फबाट जग्गा प्राप्ती लगायतका कार्यहरू सम्पन्न भएका छन्। पूर्वाधार संरचना निर्माणका क्रममा संस्थासँग आवश्यक सहकार्य गरिनेछ। अस्पताल संञ्चालनक लागि आवश्यक नीतिगत,कानूनी र संरचनाहरू आगामी आर्थिक वर्षमा नै तयार गरिनेछन्।
- संघीय तथा प्रदेशसँगको सहकार्यमा तपोवन क्षेत्रमा पर्यटकीय पूर्वाधारहरु तयार गरिनेछन्। तपोवन धार्मिक क्षेत्रको सञ्चालन र रेखदेखका लागि स्थानीय जनताको सहभागितामा संरक्षण समिति गठन गरिनेछ।
- विकास निर्माणका क्रममा जनसहभागिता अपेक्षित नहुनु, निर्माण सम्पन्न पश्चात् भौतिक पूर्वाधारको उचित संरक्षण नभइ वेवारिसे अवस्थामा पुग्नु जस्ता समस्याहरू चुनैतीका रुपमा देखिएकाले भौतिक संरचनाको स्वामीत्व, समग्र टोल सुधारका कार्यक्रम र साना विकास निर्माणका कार्यहरू गर्न टोल विकास संस्थाको गठन गरिनेछ।
- विद्युत आपूर्तिको समस्यालाई मध्यनगर गरी आगामी आर्थिक वर्षमा केन्द्रीय विद्युत् प्रसारण लाइन विस्तारका लागि नेपाल विद्युत् प्राधिकरणसँगको साझेदारीमा प्रसारण लाइन विस्तार कार्य गरिनेछ। आउने दुई वर्षभित्रमा गाउँपालिकाका सबै वडाहरूमा केन्द्रिय विद्युत् प्रसारण लाइन पुऱ्याउने गरी कार्य अगाडी बढाइनेछ।
- सञ्चार सुविधाको विद्यमान समस्यालाई समाधान गर्न सम्बन्धित निकाय नेपाल टेलीकम र अन्य सेवा प्रदायकसँगको सहकार्यमा रिपिटर टावर थप गर्ने कार्य अगाडी बढाइनेछ। वडा नम्बर ४ मा आगामी आर्थिक वर्षभित्रमा १ वटा रिपिटर टावरको निर्माण सम्पन्न हुनेछ।
- वडा नम्बर ३ र ५ जोड्ने भीमढुँगामा मोटरेवल पुल निर्माणको कार्य अगाडी बढेको छ। आगामी आर्थिक वर्षमा नै निर्माण सम्पन्न भइ नियमित सञ्चालनमा आउने अपेक्षा गरिएको छ। गाउँपालिकाको केन्द्रलाई चैनपूर ताक्लाकोट जोड्ने सडक निर्माण, सुधार तथा स्तरोन्नतीका लागि आवश्यक बजेट विनियोजन गरिनेछ। थापासाँगुमा तलकोटी खोलामाथि मोटरेवल कल्भर्ट निर्माणको कार्य पूरा गरिनेछ। यसबाट आवागमन तथा सामान ढुवानीमा सहजता हुनेछ।
- निर्माणाधीन खेलग्राम लगायत अन्य खेलकूद पूर्वाधारको नियमित मर्मत सुधार र स्तरोन्नती गरी सञ्चालनमा ल्याइनेछ। एक वडा एक खेल मैदान निर्माणको नीती लिइनेछ।
- कृषि शीत भण्डार, हाट बजार, फोहरमैला संकलन केन्द्र, कृषि उपज संकलन केन्द्र जस्ता जनउपयोगी क्षेत्रका पूर्वाधारमा पर्याप्त लगानी हुन सकेको देखिदैन। आगामी आर्थिक वर्षमा यस्ता पूर्वाधार संरचना निर्माणको लागि स्थल पहिचान लगायतका कार्य गरिनेछन्। संरचना निर्माणका लागि संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ।
- सडक सञ्जालमा जोडन नसेकेका गाउँबस्तीहरू वडा नम्बर १ को रैसल्ली र वडा नम्बर ४ को लोकण्डमा सडक पहुँच विस्तारका लागि सुदुरपश्चिम प्रदेश सरकारको सहयोगमा निर्माण कार्य सञ्चालन हुने भएको छ। यस कार्यमा स्थानीय सरकारको तर्फबाट आवश्यक सहकार्य र सहजीकरण गरिनेछ।

तलकोट गाउँपालिका
गाउँ कार्यपालिकाको
तलकोट, बझाङ
सुदूरपश्चिम प्रदेश

- विभिन्न टोल बस्तीहरूमा निर्माण भएका सामूदायिक भवनहरूको मर्मत सुधार गरी पुस्तकालय, सत्संगस्थल, सहकारी भवन, टोल विकास संस्थाको भवन जस्ता कार्यमा उपयोग गरिनेछ ।
- वडा नम्बर ४ मा अवस्थित भवानी आधारभूत विद्यालय, वडा नम्बर १ को चन्द्रदेव आधारभूत विद्यालय, कैलाश हिमाल आधारभूत विद्यालय वडा नं ७ लगायत भवन संरचना अपुग तथा जीर्ण रहेका विद्यालयमा भवन संरचनाको निर्माण गरिनेछ ।
- थापासाँगु (वडा नं ५) मा भोलुङ्गे पुल निर्माण अगाडी बढाएको छ ।
- भूगोलको आधारमा स्वास्थ्य सेवा पहुँच नपुगेका स्थानमा आधारभूत स्वास्थ्य इकाइ स्थापना गर्न भवन संरचनाको निर्माण गरिनेछन् ।
- मेलविसौना– भकुण्डे, बडिगाउँ –मालिका– गौमूल, रजाडा –दय–ठकुन्ना जोड्ने सडकलाई अन्तर स्थानीय तहहरूको सहकार्यमा निर्माण गर्न पहल गरिनेछ ।
- दाँतोला खोला सिंचाई कुलो लगायत निर्माण अपूरा रहेका सबै कुलो नहर निर्माणको कार्यलाई निरन्तरता दिइनेछ ।
- ढल निकासलाई सोझै खोलामा मिसाउने कार्यलाई निरुत्साहित गर्दै ढल निकासका लागि आवश्यक सरचना बनाइनेछ । ढलको जैविक तथा प्राकृतिक पद्धतिद्वारा अवशोषण गरी पानी शुद्धिकरण गर्ने विधि अपनाइनेछ । यसका लागि सम्बन्धित बस्तीमा निश्चित क्षेत्र पहिचान गरिनेछ ।

घ) विपद व्यवस्थापन :

- प्राकृतिक विपद सम्भावित क्षेत्रको अध्ययन गरी जोखिम पहिचान गरिनेछ । आवश्यकताका आधार विपद सम्भावित क्षेत्रमा जोखिम न्यूनीकरणका लागि अल्पकलीन र दीर्घकालीन उपायहरू अपनाइनेछ ।
- स्थानीय विपद व्यवस्थापन समितिको पुनर्गठन गरी प्रतिकार्य योजना तर्जुमा गरिनेछ ।
- जंगलमा जानजान डढेलो लगाउने, जथाभावी खोरिया खन्ने, वन्यजन्तुको चोरी सिकारी जस्ता कार्यलाई न्यूनीकरण गर्न टोलबस्तीमा सचेतना तथा अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछन् ।
- कोभिड महाभारी लगायतका संक्रामक रोगको पुनरावृति हुने सम्भावनालाई विचार गर्दै हाल सञ्चालनमा रहेका आइसोलेसन सेन्टरलाई तयारी अवस्थामा राखिनेछ । यस्ता संरचनालाई भूकम्प, बाढी पहिरा जस्ता विपदका कारण घरबार विहिन भएका तथा जोखिमका कारण वस्ती स्थानान्तरण गर्नुपर्ने बस्तीका नागरिकलाई अस्थायी आवासका रुपमा समेत प्रयोग गरिनेछ ।
- मानव तथा पशुपंक्षीमा लाग्ने संक्रामक रोगको तत्काल सुचना प्राप्त गर्न तथा विपदका समयमा बस्तीस्तरको सुचना एस एम एस वा टेलिफोन मार्फत प्राप्त गर्न प्रहरी चौकीको सहकार्यमा सुचना आदानप्रदानको संयन्त्र सञ्चालन गरिनेछ ।
- गाउँ विपद प्रतिकार्य योजना तयार गरी लागू गरिनेछ ।
- विपद जोखिम सम्भावित क्षेत्रमा डोजर
- नदी कटाइका कारण खेतीयोग्य जमिन कटान हुने स्थानको पहिचान गरी तटबन्धन गर्ने तथा वायो इन्जिनियरिङका उपायहरू अपनाइनेछ ।
- नदी, खोलाले धार परिवर्तन गरेका स्थानमा पुरानै धारतर्फ फर्काउन लगाइने ।
- खुल्ला क्षेत्र, नयाँ सडक निर्माण भएकाल स्थान वरपर तथा पहिरो–भूक्षय सम्भावित क्षेत्र र खानेपानी मूहान वरपर वृक्षारोपण गरिनेछ । हरेक वर्ष श्रावण ५ गतेका दिन तलकोट गाउँपालिकाको वृक्षारोपण दिवस मनाइनेछ । उक्त दिनमा सबै नागरिक, सार्वजनिक पद धारण गरेका व्यक्ति, विद्यार्थि लगायतले स्वयंसेवी रुपमा वृक्षारोपणमा सरिक गराइनेछ ।
- विपदको समयमा प्रयोग गर्न सकिने गरी खुल्ला र सुरक्षित क्षेत्र पहिचान गरी संरक्षण गरिनेछ ।
- स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ ।

ङ) संस्थागत क्षमता विकास, सुशासन, सहकार्य तथा समन्वय :

- गाउँपालिकाको कार्यालय तथा मातहतका कार्यालयमा आवश्यक पर्ने जनशक्ति पदपूर्तिका लागि आवश्यक कार्य गरी कर्मचारीका अभाव पूर्ति गरिनेछ ।
- गाउँ प्रहरीको गठन गरी पालिकाद्वारा गरिने नियमनकारीकार्यमा सहजता ल्याइनेछ । आवश्यकताका आधारमा गाउँ प्रहरीलाई मदिरा नियन्त्रण, गिटी बालुवा अवैध उत्खनन् नियन्त्रण, घरेलू हिंसा न्यूनीकरण, वनजंगल संरक्षण, स्थानीय मेलापर्व व्यवस्थापन, जंगली जनावर चोरी सिकार सुचना प्राप्ती जस्ता कार्यमा परिचालन गरिनेछ ।
- गाउँपालिकाको आवधिक योजनालाई कार्यान्वयन गरिनेछ । मध्यमकालीन खर्च संरचना, ५ वर्षे गाउँ शिक्षा योजना, दीर्घकालीन कृषि विकास योजना लगायतका नीतिगत व्यवस्थाहरु आगामी आर्थिक वर्षमा तर्जुमा गरी कार्यान्वयन गरिनेछन् ।
- टोल विकास संस्थाको गठन गरी स्थानीय सुशासन, विकास व्यवस्थापन, सामाजिक रुपान्तरणका कार्यमा जनपरिचालन गरिनेछ । आवश्यकताका आधारमा साना तिना निर्माण कार्यहरु टोल विकास संस्था मार्फत गरी कार्यालयबाट हुने भुक्तानी केन्द्रको संख्या घटाइनेछ । उपभोक्ता समितिभित्रको सुशासनको पक्षमा जोड दिन सार्वजनिक लेखा परीक्षणलाई अनिवार्य गरिकोमा अब उपरान्त आवश्यक लागेमा आन्तरिक लेखा परीक्षकलाई समितिको आय–व्यय हेर्ने व्यवस्था मिलाइनेछ ।
- स्थानीय तहबाट प्रदान गरिने सेवा पारदर्शी, सहज, छरितो र नतिजामूखी तवरले प्रवाह गर्न आवश्यक व्यवस्था मिलाइने छ । यसका लागि कार्यालय व्यवस्थापन गरी स्रोत साधनको उचित प्रबन्ध गरिनेछ । सुचना प्रविधिको प्रयोग गरी सेवा प्रबाहलाई सहज बनाइनेछ ।
- गैर सरकारी संस्थाहरूको कार्यक्रमलाई बजेटमा नै समावेश गरी समन्वयात्मक तवरले कार्यान्वयन गरिनेछ ।
- जडिबुटि, भैसी, भेडा बाखा निकासी लाई नियमनको दायरामा ल्याइनेछ । भैंसी निकासीलाई निरुत्साहन गरिनेछ ।
- जनप्रतिनिधि लगायत कर्मचारीको क्षमता अभिवृद्धि गर्न आवश्यक रकम विनियोजन गरिनेछ ।
- कार्यालयमा आवश्यक पर्ने सबै किसिमका मेसिनरी, फर्निचर फिक्चर्सको पर्याप्त व्यवस्था गरी कार्यस्थललाई सुविधाजनक बनाइनेछ ।
- मौज्दात सवारी साधनको मर्मत सम्भार गरी प्रयोगमा ल्याइनेछ । सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई जिम्मेवार बनाउन आवश्यक कानूनी र नीतिगत व्यवस्था गरिनेछ ।
- सार्वजनिक सवारी साधनको भाडादर निर्धारण मापदण्ड तर्जुमा गरी स्थानीय प्रशासनको सहयोगमा कार्यान्वयनमा ल्याइनेछ ।
- यस आर्थिक वर्षमा आवश्यक विभिन्न २८ वटा कानूनहरुको तर्जुमा गरी कार्यान्वयन गरिनेछ । कानूनहरूको सुचि अनुसुचिमा उल्लेख गरिएको छ ।
- कर प्रणालीलाई सुचना प्रणालीमा आधारित बनाइनेछ । सबै करदातालाई एकीकृत करको दायरामा ल्याइनेछ ।
- बेरुजू फर्स्यौट कार्य तदारुकताका साथ गर्न कार्यपालिकाको हरेक चौमासिकमा एकपटक छलफल चलाइनेछ ।
- बैंक मार्फत सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने कार्यलाई सहज बनाइनेछ । अशक्त जेष्ठ नागरिक र अपाङ्गलाई सहज रुपमा भत्ता प्राप्त गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- व्यक्तिगत घटना दर्ता प्रणालीलाई पूर्णतया अनलाइन गर्ने लक्ष लिइएको छ ।
- पसल, व्यवसाय, निजी क्लिनिकलाई नियमनको दायरामा ल्याइनेछ ।
- मदिरा नियमनका लागि आवश्यक नीति र संयन्त्रको व्यवस्था गरिनेछ ।
- प्राविधिक कर्मचारीलाई सुचना प्रविधिसँग सम्बन्धित सफ्टवेयर, अटो क्याड सार्वजनिक खरिद व्यवस्थापन प्रणाली लगायतका विषयमा आवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।
- जिन्सी निरीक्षण वर्षमा एक पटक अनिवार्य गरिने व्यवस्थालाई कार्यान्वयन गरिनेछ ।
- कर्मचारीको क्षमता अविवृद्धिका लागि आवश्यक तालिमको व्यवस्था मिलाइनेछ । अन्तर स्थानीय तह अवलोकन भ्रमण तथा असल अभ्यास तथा अनुभव आदान प्रदान कार्यक्रमलाई विशेष जोड दिइनेछ ।

- योजना व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाइनेछ
- सार्वजनिक सभा समारोह आदिमा तयारी खाद्यको प्रयोगलाई निरुत्साहन गरिनेछ। यसको सट्टामा स्थानीयस्तरमा उत्पादित फूलमालाको प्रयोग गरिनेछ।
- सार्वजनिक सुनुवाई हरेक वर्ष २ पटक गरिनेछ।
-

सम्मानीत सभाका अध्यक्ष ज्यू,
सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरू,
आगामी आर्थिक वर्षमा समावेश हुने प्रमुख कार्यक्रमहरु अनुसुचिमा समावेश गरिएको छ। आगामी आर्थिक वर्षको अनुमानित आय स्रोत देहाय अनुसार रहेको छ :
क) आन्तरिक आम्दानी : १६,५०,०००/- (सोह्र लाख पचास हजार )
ख) वित्तिय समानीकरण अनुदान( संघीय सरकार ) : ९,७९,००,०००/- ( नौ करोड उनान्असी लाख)
ग) वित्तिय समानीकरण (प्रदेश सरकार) : ६६,४१,०००/- (छयासठ्ठी लाख एकचालिस हजार )
घ) राजश्व बाँडफाँड ( संघीय सरकार ) : ८,१५,९२,०००/-( आठ करोड पन्ध्र लाख बयानब्बे हजार )
ङ) राजश्व बाँडफाँड प्रदेश सरकार : १७,४०,०००/-( सत्र करोड चालिस लाख )
च) सशर्त अनुदान संघीय सरकार : १३,६२००,,०००/- (तेह्र करोड बयासठ्ठी लाख )
छ) विशेष अनुदान संघीय सरकार : २५,००,०००/- ( पच्चिस लाख) खौला सिंचाइ आयोजना
ज) विशेष अनुदान प्रदेश सरकार : २४,००,०००/-
झ) समपुरक अनुदान प्रदेश सरकार : ८,९३,०००/- (आठ लाख त्रियानब्बे हजार )
यसरी आगामी आर्थिक वर्षमा तलकोट गाउँपालिकाको कुल अनुमानित आय ३३,१५,१६०००/-( तेत्तिस करोड पन्ध्र लाख सोह्र हजार मात्र)

अन्त्यमा यस नीति तथा कार्यक्रम तयार गर्नका लागि अमूल्य सुझाव प्रदान गर्नुहुने सम्पूर्ण आम नागरिक, राजनीतिकर्मी, सामाजिक क्षेत्रमा क्रियाशिल संस्थाहरु, सम्पूर्ण क्रियाशिल राजनीतिक दल, बुद्धिजीवि, शिक्षक, कर्मचारी, पत्रकार लगायत सम्पूर्ण बौद्धिक वर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। कार्यक्रमको पर्यवेक्षकका रुपमा उपस्थित सबैलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु। प्रस्तुत् नीति कार्यक्रमको सन्दर्भमा सम्पूर्ण गाउँसभा सदस्य ज्यूलाई आफ्नो प्रतिक्रिया, र सुझाव प्रस्तुतिका लागि अनुरोध गर्दछु । धन्यवाद ॥

अनुसुचि : १
तलकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
तलकोट बझाङ्ग
स्थानीय तहको आन्तरिक आयको विवरण
आर्थिक वर्ष २०७९/८०

| राजश्व संकेत नं | शीर्षक | वार्षिक अनुमान | आव २०७८/७९ को आय | कैफियत |
|---|---|---|---|---|
| ११३१३ | सम्पत्तीकर, | | ३२७५६१०० | |
| ११३१४ | भूमीकर मालपोत | | | |
| ११३१५ | घरजग्गा रजिष्ट्रेसन दस्तुर | | | |
| ११३२१ | घर बहाल कर | | | |
| ११३२२ | बहाल बिटौरी कर | | | |
| ११४५१ | सवारी साधन कर | | | |
| ११४५६ | बाँडफाँडबाट प्राप्त सवारी साधन | | | |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जनकर | | | |
| ११६३२ | जडिबुटि कवाडी र जीवजन्तु कर | | | |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | | | |
| १४१५२ | क्यासिनो रोयल्टी | | | |
| १४१९१ | पर्यटन शूल्क | | | |
| १४२१२ | सरकारी सम्पतीको बिक्रिबाट प्राप्त आय | | | |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम ( राजपत्र, पुस्तक, नक्सा आदि ) | | | |
| १४२१९ | अन्य सेवा शूल्क ( पार्क, वनभोजस्थल, भ्यूटावर, बालुवाको रोयल्टी) | | | |
| १४२२१ | न्यायिक दस्तुर ( न्यायिक समितिको समेत ) | | १२०००।०० | |
| १४२२४ | परीक्षा दस्तुर | | | |
| १४२२९ | अन्य प्रशासनिक शूल्क ( बोलपत्र फाराम आदि ) | | | |
| १४२४१ | पार्किङ शूल्क | | ४००००/- | |
| १४२४३ | सिफारिस दस्तुर | | १७२३००/- | |
| १४३४४ | व्यक्तिगत घटना विलम्ब दस्तुर | | ५४००/- | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | १२०००/- | |
| १४२४९ | अन्य दस्तुर | | | |
| १४२५३ | व्यवसाय रजिष्ट्रेसन दस्तुर | | | |
| १४२४५ | रेडियो सञ्चालन दस्तुर | | | |
| १४२६५ | अन्य क्षेत्रको आय ( वन, खानी ) | | | |
| १४३१२ | प्रशासनिक दण्ड जरीवाना, जफत | | १२०००/- | |
| १४३१३ | धरौटी सदर स्याहा | | ० | |
| १४५२९ | अन्य राजश्व | | ५०००/- | |
| १४६११ | व्यवसाय कर | | १३०००/- | |
| १५१११ | बेरुजू | | | |
| जम्मा रकम रु | | | ९५८७५६/- | |

अक्षेरपी रुपैयाँ नौ लाख अठाउन्न हजार सात सय छपन्न मात्र

अनुसुचि २

**आगामी आर्थिक वर्ष २०७९/८० मा तर्जुमा गरिने कानूनको सुचि**

| क्र.सं. | नाम |
|---|---|
| १ | टोल विकास संस्था गठन तथा परिचालन नियमावली |
| २ | नयाँ पर्यटकीय क्षेत्र संरक्षण तथा सञ्चालन कार्यविधि |
| ३ | स्वयंसेवक शिक्षक कार्यक्रम सञ्चालन निर्देशिका |
| ४ | करार सेवाका कर्मचारी छनौट तथा परिचालन सम्बन्धी मापदण्ड |
| ५ | सहकारी ऐन २०७५ को संशोधन |
| ६ | भू- उपयोग परिषदको गठन तथा कार्यसञ्चालन निर्देशिका |
| ७ | सहकारी नियमावली |
| ८ | वन नियमावली |
| ९ | उद्योग व्यवसाय दर्ता ऐन तथा नियमावली |
| १० | फोहोरमैला व्यवस्थापन कार्यविधि |
| ११ | न्यायिक समितिको कार्य सञ्चालन नियमावली |
| १२ | स्थानीय तहको सार्वजनिक खरिद नियमावली |
| १३ | सरकारी सवारी साधनको प्रयोग र संरक्षण सम्बन्धि कार्यविधि |
| १४ | प्राविधिक सेवाका कर्मचारीको फिल्डभत्ता सम्बन्धि कार्यविधिको पुनरावलोकन |
| १५ | गाउँ प्रहरीको गठन, परिचालन तथा सेवा शर्त सम्बन्धि कार्यविधि |
| १६ | पूर्वाधार मर्मत सम्भार विशेष समूह परिचालन कार्यविधि |
| १७ | स्थानीय तहको सार्वजनिक सेवा प्रवाह निर्देशिका |
| १८ | मदिरा नियमन तथा नियन्त्रण निर्देशिका |
| १९ | नक्सापास मापदण्ड निर्देशिका |
| २० | भू संरक्षण तथा स्थानीय ग्रामीण सडक पूर्वाधार मापदण्ड |
| २१ | व्यवसाय दर्ता ऐन तथा नियमावली |
| २२ | सामाजिक सांस्कृतिक संघ तथा समूह गठन तथा परिचालन नियमावली |
| २३ | औषधी पसल तथा निजी क्लिनिक नियमन सम्बन्धि कार्यविधि |

अनुसुचि ३

न्यायिक समितिको प्रतिवेदन २०७८

# तलकोट गाउँपालिका

## न्यायिक समिति वार्षिक प्रतिवेदन २०७८।०७९

सम्मानीय यस एघारौं गाउँसभा २०७९ का अध्यक्ष महोदय उपाध्यक्ष ज्यू अन्य सम्पूर्ण गाउँसभा सदस्य ज्यू र यस तलकोट गाउँकार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्यू । न्यायिक समितिले सम्पादन गरेको कामको वार्षिक विवरण प्रतिवेदन अध्यक्ष मार्फत गाउँसभामा पेश गर्नुपर्ने कानूनी प्रावधान बमोजिम यस तलकोट गाउँपालिका न्यायिक समितिले आ व २०७८।०७९ मा गरेका कामको वार्षिक विवरण अध्यक्ष ज्यू मार्फत यस सभामा प्रस्तुत गर्न पाउँदा यो समिति गौरवान्वित भएको छ ।

### पृष्ठभूमि

राष्ट्रहित लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका एतिहाँसिक जनआन्दोलन खास गरी ०६२।०६३ को जनआन्दोलन सशस्त्र सघर्ष त्याग र बलिदानको गौरवपूर्ण इतिहाँसलाई स्मरण गर्दै शहिदहरु तथा बेपत्ता र पीडित नागरिकहरुलाई सम्मान गर्दै विगतको सामन्ति निरकुश केन्द्रिकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त गर्दै बहुजाति बहुभाषिक बहुधार्मिक बहुसास्कृतिक तथा भौगोलिक विविधतालाई आत्मसात गरी विविधताका बीचको एकता सामाजिक सास्कृतिक एक्यबद्दता सहिष्णुता र सदभावलाई सरक्षण एव प्रर्वदन गर्दै वर्गीय जातीय क्षत्रीय भाषिक धार्मिक लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त गरी आर्थिक समानता समृध्दि र सामाजिक न्याय सुनिश्चतता गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्दान्तको आधारमा समतामूलक समाजको निर्माण गर्न सकल्पका साथ २०७२ साल असोज ३ गते नेपालको सविधान जारी भएके छ । न्याय प्रणालीलाई सर्वसुलभ छिटोछरितो पहुँचयोग्य सक्षम निष्पक्ष स्वतन्त्र बनाउन र कानूनी राज्यको अवधारणालाई आत्मसाथ गर्दै न्यायपूर्ण समाजको निर्माण गर्न मेलमिलापलाई प्रोत्साहित गरी एकतावद्द समाज निर्माणका लागि नेपालको सविधानको धारा २१७ मा प्रत्यक स्थानीय तहमा उपाध्यक्ष एव उपप्रमुखको सयोजकत्वमा एउटा न्यायिक समिनि रहने व्यवस्था बमोजिम यस गाउपालिकामा पनि उपाध्यक्षको सयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन गरिएको छ । स्थानीय सरकार सञ्चालन एन २०७४ को दफा ४७ को उपदफा १ मा न्यायिक समितिको १३ वटा अधिकार क्षेत्र तोकिएका छन भने उपदफा २ मा थप ११ वटा मेलमिलापका अधिकारहरु उल्लेखित छन । परिवर्तित नयाँ शासन व्यवस्थाले सुम्पिएको यो अभूतपूर्ण जिम्मेवारीलाई

यस समितिले ईमान्दारिताका साथ पुरा गरी न्यायपूर्ण सामूहिक भावनाले युक्त एकताबद्ध समाज निर्माणमा निरन्तर रुपमा ईटा थप्ने काम गर्ने प्रतिबद्धता यो समिति व्यक्त गर्दछ ।

**<u>बिषयवस्तु</u>**

यस न्यायिक समितिले आ व २०७८।०७९ मा गरेका कामहरुको वार्षिक विवरण निम्नानुसार रहेको छ

यस समिति समक्ष परेका जम्मा उजुरीहरु १५ वटा

रीत नपुगेका उजुरीहरु १ वटा

रीत पुगेका उजुरीहरु १४ वटा

छलफलका लागि बोलाइएका उजुरीहरु १४ वटा

**<u>जसमध्ये</u>**

फैसला गरिएका उजुरीहरु शुन्य

मिलापत्र गरिएका उजुरीहरु १३ वटा

अन्य निकायमा पठाइएका उजुरीहरु १ वटा

पत्राचार गरेर अनुपस्थित उजुरी १ वटा

छलफल गर्न बाँकी उजुरी शुन्य

**<u>उजुरीको प्रकार तथा विषयगत विवरण</u>**

१ ज्याला मजदुरी १ वटा

२ सामान्य कुटपिट ८ वटा

३ बालक हराएको खोजीनीति २ वटा

४ गालीबेइज्जत ४ वटा

**यस आर्थिक वर्षमा बसेका जम्मा बैठक सङ्ख्या २० पटक**

समितिले सामना गर्नुपरेका समस्याहरु

तलकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तलकोट, बझाङ
सुदूर पश्चिम प्रदेश, नेपाल

- **दक्ष जनशक्तिको अभाव**

  नेपालको सविधान र स्थानीय सरकार सञ्चालन एन २०७४ ले निर्दिष्ट गरेका न्यायिक समितिका अधिकारहरुलाई प्रभावकारी ढङ्गले प्रयोग गर्नका लागि तालिम प्राप्त र कानूनी ज्ञान भएको दक्ष कर्मचारीको अभाव रहनुको साथै न्यायिक समितिका सदस्यहरु स्वयम् समितिको अधिकार क्षेत्र र कार्य सञ्चालन प्रक्रिया प्रति अनविज्ञ रहनुभएको अवस्थामा समितिको कार्यसम्पादन केहि कमजोर रहेको छ ।

- **जनचेतनाको कमी**

  परिवर्तित शासन व्यवस्था बमोजिम न्यायिक समितिको न्यायिक अधिकार क्षेत्र लगायत यस समितिसँग सम्बन्धित अन्य काम कारबाही र कार्यविधिका सम्बन्धमा स्थानीय जनतामा जनचेतनाको कमी रहेको पाइन्छ

- **दक्ष मेलमिलापकर्ताको अभाव**

  स्थानीय सरकार सञ्चालन एन २०७४ को दफा ४७ को उपदफा २ मा उल्लेखित विवादका विषयहरु मेलमिलापकर्ता मार्फत मिलापत्र गर्न सकिने प्रावधान भएता पनि स्थानीय स्तरमा दक्ष मेलमिलापकर्ताको अभाव रहेको अवस्था छ ।

  - वडास्तरमा मेलमिलाप केन्द्र स्थापना गरिएता पनि कार्यान्वयनमा ल्याउन नसकिएको ।
  - सम्बन्धित विषयमा अन्य स्थानीय तह जिल्ला अदालत सरकारी वकिल कार्यालय लगायतका निकायसँग सहकार्य तथा समन्वयको अभाव रहेको ।

## समाधानका उपायहरु

- तालिम प्राप्त तथा कानूनी ज्ञान भएको दक्ष कर्मचारीको व्यवस्था गर्ने ।
- न्यायिक समितिका पदाधिकारी लगायत सम्बन्धित कर्मचारीहरुलाई क्षमता विकास तालिमको व्यवस्था गर्ने ।
- सानातिना विवादहरु टोलमै मिलाउन प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरी स्थानीय मेलमिलापकर्ताहरुको व्यवस्था गर्ने ।
- कानूनी परामर्शका लागि कानूनी सल्लाहकारको व्यवस्था गर्ने ।

तलकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तलकोट, बझाङ
सुदूर पश्चिम प्रदेश, नेपाल

- अन्य सम्बन्धित निकाय तथा सरोकारवालासँग आवश्यक समन्वय र सहकार्यको वातावरण तयार गर्ने ।
- न्यायिक समिति मार्फत स्थानीय स्तरमै समाधान गर्न मिल्ने विवादका विषयहरुका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- न्यायिक समिति प्रतिको विश्वास बढाउन निष्पक्ष एवम स्वतन्त्र ढङ्गले विवादहरुको निरुपण तथा समाधान गर्नुपर्ने ।

समग्रमा केहि कमजोरी तथा अभावका बाबजुद पनि यस तलकोट गाउँपालिका न्यायिक समितिको न्यायिक कार्यसम्पादन स्तर निकै सन्तोषजनक रहेको पाइन्छ । केहि छिटपुट विवाद बाहेक अन्य सम्पूर्ण विवादहरुको मेलमिलापको माध्यमबाट समाधान भएको देखिन्छ । यस न्यायिक समितिबाट समाधान भएका विवादहरु उपर पुनरावेदन पनि परेको देखिदैन । आगामी दिनहरुमा न्यायिक समितिको प्रभावकारिता अभिवृद्धि गर्न सरोकारवाला सबैको साथ सहयोगको आवश्यकता रहेको व्यहोरा यो समिति यस प्रतिवेदन मार्फत यस सम्मानित सभा समक्ष राख्दछ ।

Runwal

तयार पार्ने
प्रकाश चन्द्र उपाध्याय
प्रशासन सहायक
न्यायिक समिति
तलकोट गाउँपालिका

प्रतिवेदक
पार्वती कुँवर भण्डारी
सँयोजक
न्यायिक समिति
तलकोट गाउँपालिका